# नयाँ सन्दर्भ साप्ताहिक

**Naya Sandarbha Weekly**



**सबैको रोजाई**

मेची अञ्चल मै एक मात्र
सबै रोगहरुको भरपर्दो उपचारका लागि
अत्याधुनिक उपकरण जडित
विश्वसनीय चिकित्सकहरु भएको
चिकित्सा प्रतिष्ठान
अध्यक्ष : गोपालकुमार बस्नेत

**विर्तासिटी हस्पिटल**
विर्तामोड, झापा



वर्ष : २५ | अंक : २० | पृष्ठ ६ | भद्रपुर | वि.सं. २०७७ पुष ५ *(December 20, 2020)* | नेपाल सम्वत ११४१ | मुल्य : रु.१०।-


### सघन शहरी विकास कार्यक्रम

# नियामकको इमान्दार भूमिका नरहँदा सडक निर्माण विवादमा

**–सन्दर्भ समाचारदाता**

भद्रपुर । भद्रपुर नगरपालिकालाई आधुनिक शहरका रूपमा विकास गर्ने लक्ष्य लिएर आर्थिक वर्ष २०७३/०७४ बाट सुरू गरिएको सडक स्तरीकरणका काम मापदण्ड अनुरुप नहुँदा भत्कने, चर्कने क्रम देखिन थालेको छ ।

गएको चार आर्थिक वर्षबाट सघन शहरी विकास कार्यक्रम अर्न्तगत सडक विस्तार योजनाको काम सुरू भए पनि नियामकको इमान्दार भूमिका नरहँदा सडक निर्माण गुणस्तर मापदण्ड अनुरुप नहुँदा विवादमा परेको हो ।

५ वर्ष भित्र नगरका सवै सडकहरू आधुनिक शहरको मापदण्ड अनुसार स्तरीय भइसक्ने विश्वास लिइएको यस आयोजनाले दीर्घकालिन लक्ष्य पूरा गर्न सक्नेमा आशंका पैदा गराएको



स्थानीयको आरोप छ । यस आयोजना अर्न्तगत अघिल्ला चार आर्थिक वर्षमै काम सुरू भएका केही सडक स्तरीकरण योजनाका नाली निर्माण तथा कालोपत्रेका कार्य सुरुवात चरणमा नै विवादमा आए पनि राजनीतिक सहमतिमा रातारात मिलाएर कमिसन बाँडेको आरोप भद्रपुरका दलहरुलाई लागेको थियो । त्यतिबेला पहिलो पटक चन्द्रगढीको लेखनाथ चौकदेखि महेशपुरको मन्त्री चौकसम्म जोड्ने भद्रपुर नगरको फाष्टट्र्याकका रूपमा परिचित सडकको नाली बन्दा बन्दै ढल्यो । गुणस्तरको आवाज उठाउने स्थानीय नागरिक विचरा भएर आफ्ना घर अगाडिका कमजोर सडक संरचना हेर्न बाध्य बन्नु परेको थियो ।

अहिले तेस्रो र चौथो चरणमा निर्माण भइरहेका सडकका नालीको काम स्तरहिन भएको आवाज उठ्न थालेको छ । यस कार्यक्रम अर्न्तगत ६ वटा प्याकेज भित्र २५ वटा योजनाका कामहरू पक्की नाला निर्माण सहित सडक विस्तार भइ रहेको छ । भद्रपुर नगरमा सडक विस्तारका काम गरिरहेका ठेकेदार कम्पनीलाई कमसल निर्माण सामग्री प्रयोग गरेको, तोकिएको अनुपातमा पर्खाल नलगाएर साँघुरो शैलीमा काम गरिरहेको, ढलान गर्दा गिटी, बालुवा र सिमेन्टको परिणाम नमिलाएको, कालोपत्रे गर्दा अलकत्रोको परिणाम कम लगाएको आरोप लाग्ने गरेको छ । तर ठेकेदार कम्पनीका पक्षधरहरू सघन शहरी विकास तथा भवन निर्माण डिभिजनको निर्देशनमा गुणस्तरीय काम गरिरहेको जनाउँ दिने गरेका छन् ।

बन्दा बन्दै सडकका नालाका पर्खाल चर्किरहेको, कालोपत्रे उक्किएका दृष्यले गुणस्तरहिनताको पुष्टि गरिरहेको स्थानीय विष्णु राजवंशीको गुनासो छ । नियामक कता हराए ? पचासौं वर्षको यात्रा झेल्ने सडक नाली दुईचार वर्षमै ढल्ने, कालोपत्रे एक वर्ष पनि नटिक्ने गरी निर्माण भइरहँदा गुणस्तरीयता खोजिनु पर्दैन त ? भन्दै राजवंशी कमिसनमा होइन विकास निरन्तरताका लागि हो भन्छन् ।

नियामक इमान्दार भएर सडक निर्माण स्थलमा नगएको अरविन्द अधिकारी बताउँछन् । उनका अनुसार गुणस्तरीयता कायम राख्न सरकारी पक्षको इमान्दारिता नरहँदा समस्या बढेको हो ।

स्थानीय नागरिकको पहिलो सरकार भद्रपुर सरकारको नजर समेत यी सडकहरूमा नपरेको पनि निर्माण स्थल आसपासका नागरिक बताउने गर्छन् ।

सडक निर्माणमा एक रूपता नहुने कारण नगर प्रशासनको उदासिनता हुन सक्छ भन्दै स्थानीय यस्तै अवस्था रहने हो भने यो आयोजनाको औचित्य विकासका लागि भन्दा पनि राज्य कोष दोहनका लागि मात्र हुने बताउँछन् । समृद्ध भद्रपुरका लागि सडक स्तरीकरण अपरिहार्य आवश्यकता हो भन्दै नगरबासी मापदण्ड अनुसारको गुणस्तरसहित सकड बनिनु पहिलो शर्त हुने भनाइ राख्छन् ।

### प्रदेश १ को पहिलो

# बालमैत्री नगरको परिचय बनाउँदै भद्रपुर



**–सन्दर्भ समाचारदाता**

भद्रपुर । झापाको ऐतिहासिक नगर भद्रपुर नगरपालिका प्रदेश १ को पहिलो बालमैत्री नगरका रूपमा घोषित हुने भएको छ । भद्रपुर नगरपालिकाका अनुसार यही पौष ७ गते बालमैत्री नगरका रूपमा प्रदेश १ सामाजिक विकास मन्त्रालयले भद्रपुर नगरलाई पहिलो बालमैत्री नगरका रूपमा घोषणा गर्ने भएको हो । झापाको सदरमुकाम समेत रहेको भद्रपुर नेपालको पाँचौं बालमैत्री नगर हुने छ ।

बालमैत्री नगर घोषित हुन तय भएका ४२ वटा सूचक पार गरेपछि बालमैत्री घोषणाको चरणमा पुगेको नगर प्रशासनको भनाइ छ । नगर प्रमुख जीवनकुमार श्रेष्ठले भद्रपुर नगरलाई बालमैत्री नगर घोषणा गर्ने पौष ७ गतेको मिति तय भएको जानकारी दिएका छन् । प्रमुख श्रेष्ठका अनुसार प्रदेश १ का सामाजिक विकास मन्त्री जीवन घिमिरेले बालमैत्री नगर घोषित गर्दै प्रमाण पत्र दिने तयारी प्रदेश सरकार मार्फत भइरहेको छ ।

### मेची नदीमा झोलुङ्गे पुल निर्माण भएपछि

# टापु भनेर चिनिने मेचीपारिको गाउँमा खुसियाली



**–पार्थ मण्डल**

भद्रपुर । भारतीय सीमासँग जोडिएको नेपाली भूमि । छेउबाटै बग्ने मेची नदी । नदीको वारिपारि दुवैतर्फ नेपाली बस्ती । नदी पारी बसोबास गर्ने नेपाली जनता दशकौंदेखि भारतीय बजारमा आत्मनिर्भर हुनुपर्ने बाध्यता । यस्तो बाध्यतासँगै कष्टकर जीवन बिताइरहेका साबिक महेशपुर गाविस हाल भद्रपुर नगरपालिका(३ स्थित मेचीपारिका गाउँवासीमा, मेची नदीमा झोलुङ्गे पुल निर्माण भएपछि अहिले खुसियाली छाएको छ ।

टापु भनेर चिनिने मेचीपारिको गाउँ पुग्ने बाटो थिएन, गाउँवासीलाई बर्खाको तीन महिना नाउ वा भारतीय भूमि प्रयोग गर्नुपर्ने र हिउँदमा पानी तरेर सदरमुकाम आवतजावत गर्नुपर्ने बाध्यता थियो । तर, अब मेची नदीमा झोलुङ्गे पुल निर्माण भएर सञ्चालनमा आएपछि गाउँवासीको दशकौँ देखिको चाहना र सपना पूरा भएको छ ।

तत्कालीन सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले पुलका लागि बजेट विनियोजन गरी ठेक्का लगाएको थियो । भ्याटसहित २ करोड ८५ लाख ९८ हजार २५९ रुपैयाँमा निल गिरी निर्माण सेवा बानेश्वर काठमाडौंले २०७२ भदौ ७ गते ठेक्का सम्झौता गरी कामको जिम्मा लिएको थियो ।

दुई सय ८० मिटर लम्बाइसहितको झोलुङ्गे पुलको निर्माण कार्य १८ महिना अर्थात् २०७३ फागुन ६ गते सम्पन्न हुने गरी निर्माण व्यवसायी युवराज डाँगीले ठेक्का लिएका थिए ।



तर, विभिन्न कारण देखाउँदै निर्माण कम्पनीले सो पुल २०७६ फागुनमा सम्पन्न गरेको हो । पुल सञ्चालनमा आए पनि झोलुङ्गे पुलको भने उद्घाटन गरिएको छैन ।

गाउँवासीको ठूलो सपना पूरा भएको बताउँदै भद्रपुर ३ नम्बर वडा सदस्य अरुण राजवंशीले भने, 'पुल सञ्चालनमा आएपछि खुसीको सीमा नै रहेन, स्वर्गमा पुगेको अनुभूति भएको छा' 'विकासले समेत पछि परेको गाउँमा एउटा पुल नै मुहार फेरिदिएको छ, अब गाउँको विकासले बिस्तारै गति लिने विश्वास छ, उनले भने ।' पुल निर्माण नहुँदा गाउँका बासिन्दा वडा कार्यालय आउन समेत नदी पार गर्नु परेको मेची आधारभूत विद्यालयका शिक्षक कैलाश राईले बताए । आफ्ना बारीमा उत्पादन गरेका सागसब्जी बेचेर होस् वा जनबन गरेर हिउँदभर नेपालतिरै निर्भर रहने यहाँका बासिन्दाको वर्षा


**बाँकी पृष्ठ ४ मा**


## जनहितमा जारी सूचना!




**भद्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**भद्रपुर (झापा) प्रदेश नं. १ को**

**जनहितमा जारी सूचना**

- मिसावट गरिएका, सडेगलेका तथा अस्वास्थकर खानेकुरा नखाऔं ।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरु नछोडी सभ्य नागरिकको पहिचान दिऔं ।
- सडक तथा पेटी–किनारमा आवगमनमा अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं ।
- सार्वजनिक स्थलमा जतातती फोहोरमैला नफालौं ।
- आफ्नो घर वरपर विरुवा रोपी हरित नगरीको रुपमा विकास गरौं ।

**अर्जुनधारा नगरपालिकाको कार्यालय**
**शनिश्चरे (झापा) प्रदेश नं. १ को**

**जनहितमा जारी सूचना**

- मिसावट गरिएका, सडेगलेका तथा अस्वास्थकर खानेकुरा नखाऔं ।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरु नछोडी सभ्य नागरिकको पहिचान दिऔं ।
- सडक तथा पेटी–किनारमा आवगमनमा अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं ।
- सार्वजनिक स्थलमा जतातती फोहोरमैला नफालौं ।
- आफ्नो घर वरपर विरुवा रोपी हरित नगरीको रुपमा विकास गरौं ।

**रोश्नी ज्वेलर्स**
भद्रपुर–१० (बजार लाईन), चन्द्रगढी
प्रो. रञ्जु साह/ मुकेश साह
२४ क्यारेट
सम्पर्क : ९८६३६१४२७०
बिना रसायन



**सुनगाभा सपिङ्ग सेन्टर**
भद्रपुर–१०, झापा
सेन्चुरी बैंक तल
०२३४५५९७२
निरज निरौला
९८५२६२०२७७
घर तथा अफिस डेकोरेसन तथा फर्निसिङ्ग सामाग्रीको थोक तथा खुद्रा विक्रेता



श्री ..............................................................................................., ठेगाना ..........................................



# बहु साँस्कृतिक झापा नाटक घर निर्माणका लागि इन्द्रेणीको चासो



**– सन्दर्भ समाचारदाता**

भद्रपुर । झापामा निर्माणाधीन अबस्थामा रहेको बहुजातीय, बहुभाषी, बहु साँस्कृतिक संग्रहालय सहितको झापा नाटक घर निर्माणका लागि काठमाण्डौंको इन्द्रेणी परिवारले समेत चासो राखेको छ ।

विर्तामोड १ स्थित देवी पञ्चकन्या उत्तरमा निर्माणाधीन अवस्थामा रहेको सो घर निर्माणका लागि इन्द्रेणी साँस्कृतिक केन्द्रीय परिवारले निर्माण स्थलमै आएर एक साँस्कृतिक कार्यक्रम सम्पन्न गर्दै अन्तराष्ट्रिय स्तरसम्म सहयोगका लागि आव्हान गरेको हो ।

समूहका व्यवस्थापन समितिका संयोजक ज्ञानुराम प्रसाइको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अतिथिका रुपमा इन्द्रेणी विकास संस्थाका अध्यक्ष कृष्ण कर्डैंल तथा विशिष्ट अतिथिहरु झापा क्षेत्र न.२ की संघीय सांसद पवित्रा निरौला खरेल, सांसद बिमला बि क, प्रदेश सांसद एकराज कार्की , विर्तामोड न पा उपमेयर पबित्रा महतारा प्रसाइ, विर्तामोड नपाका कार्यकारी अधिकृत गणेश दहाल, सामाजिक अभियन्ता राजकुमार पोखरेल विर्तामोड वडा नम्वर १ का अध्यक्ष अग्निप्रसाद पाण्डे, वडा न २ का अध्यक्ष नगेन्द्रप्रसाद संगौला वडा न ३ का अध्यक्ष भोजराज सिटौला, वडा न ५ का अध्यक्ष राजेन्द्रप्रसाद लिङ्देन, साँस्कृतिक अभियन्ता मोहन बि क विर्तामोड उद्योग बाणिज्य संघ उपाध्यक्ष ,पार्वता खरेल बिमली, नेपाल अलैंची विकास संस्थाका केन्द्रीय महासचिव सुभाष भट्टराई , समुहका सल्लाहकार ओम बमली, सामाजिक वयक्तित्व डिल्लीराम सिटौला लगायत सहभागी रहेका थिए ।

समुहका केन्द्रीय अध्यक्ष तथा अभियन्ता माधव कल्पितको शब्द रचना र गोबिन्द रहपाल को संगीतमा क्षितिज संगीत साधना प्रतीष्ठान झापाका कलाकारद्वारा स्वागत गानबाट सुरु गरिएको कार्यक्रममा नौमति बाजा, च्याब्रुरुङ, नेवारी संस्कृति तथा सरगम संगीतालय झापाका कलाकार तथा गायक अर्जुन खरेल, जितेन्द्र श्रेष्ठ, निरज पोखरेलको समावेशी गायन कला प्रस्तुति रहेको थियो ।

गन्धर्ब पेशा र बहुजातीय पहिचानलाई उजागर गर्दै झापा नाटक घर निर्माणका लागि सहयोग जुटाउने उद्देश्य बोकेर आएको इन्द्रेणी परिवारले मेरो टोपी ,रेङ्के बुङ्को राँगोलाई लगायतका गीत प्रस्तुत गरेको थियो । केन्द्रीय कलाकार कृष्ण कडेल, राजेश घतानी, छत्र शाही, मनमाया वाइवा,कृष्ण बजगाइ ,अच्युत दहाल लगायतका कलाकारको उत्कृष्ट प्रस्तुतिमा विविध साँस्कृतिक कार्यक्रम सम्पन्न भएको थियो ।



सविता कोइराला

# नेकपा भित्र बैचारिक समुह गठन

**–सन्दर्भ समाचारदाता**

भद्रपुर । सत्तारुढ नेकपा भित्र बैचारिक समुह गठन गर्ने क्रमले झापामा तिब्रता पाएको छ । नेकपा भित्र विभिन्न प्रतिष्ठान तथा फाण्डेशनहरुका नाममा कुनै पनि गतिबिधि नगर्ने पार्टी केन्द्रको निर्णय विपरित यस अघि दमकमा मदन भण्डारी फाउण्डेशन गठन भएको थियो ।

सो लगत्तै पुष्पलाल मित्रता केन्द्रका नाममा झापाली कम्युनिष्टहरु अर्को समुह निर्माणमा लागेका छ्न । सो केन्द्र ९ विचार समुह० को जिल्ला समिति गठन गर्ने तयारी समितिले व्यापक तयारी पछि शुक्रबार ९ आज० विर्तामोडमा जिल्लास्तरीय भेला आयोजना गरेको छ ।

नेकपा सम्बद्ध नेता कार्यकर्ता, एवं शुभेच्छुकहरुको सो बृहत भेलाले मणी भण्डारीको अध्यक्षतामा भानु दंगाल सचिव रहेको ८५ सदस्यीय पुष्पलाल मित्रता केन्द्र झापा जिल्ला समिति गठन गरेको हो ।

अध्यक्ष भण्डारीका अनुसार जिल्ला समितिको आगामी बैठकले अन्य पदाधिकारीहरु चयन गर्ने तथा जिम्मेवारी बाँडफाँड गर्दै पुष्पलालको विचारलाई कार्यकर्ताहरुमाझ प्रवाह गर्ने बिषयमा निर्णय लिनेछ ।

अहिले ८५ सदस्यीय जिल्ला समिति बनेको छ , आगामी बैठकबाट थप जिम्मेवारी बाँडफाँड गरेर पार्टीका संस्थापक नेता स्वा पुष्पलाल श्रेष्ठको विचारमाथि बहस गरिनेछ - अध्यक्ष भण्डारीले भने । उनले सो केन्द्र गठनको मूल उद्धेश्य पार्टी भित्र पुष्पलालको विचारलाई अघि बढाउनु भएको र यसमा नेकपाकै कार्यकर्ताहरु आवद्ध हुनु स्वभाविक भएको प्रतिक्रिया पनि दिए ।

आज भएको जिल्लास्तरीय सो भेलामा मित्रता केन्द्रका महासचिव एवं नेकपा केन्द्रिय सदस्य रविन कोइरालाको प्रमुख आतिथ्य रहेको थियो भने केन्द्रका प्रदेश अध्यक्ष एवं पार्टी केन्द्रिय सदस्य भास्कर काफलेको विशेष आतिथ्य रहेको थियो । पार्टी केन्द्रमा अध्यक्ष पुष्पकमल दाहाल, वरिष्ठ नेता माधवकुमार नेपाल , झलनाथ खनाल लगायतको एउटा समुह क्रियाशील छ भने पार्टी अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा अर्को समुह सक्रिय छ ।

# झापामा वैदेशिक रोजगार सम्बन्धी अन्तरक्रिया

**– सन्दर्भ समाचारदाता**

भद्रपुर । २१औं अन्तर्राष्ट्रिय आप्रवासी कामदार दिवसको अवसर पारेर आज झापामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सचेतनामूलक अन्तरक्रिया सम्पन्न भएको छ । जिल्लामा सुरक्षित आप्रवासन (सामी) परियोजना सञ्चालन भइरहेको भद्रपुर नगरपालिकामा जनप्रतिनिधि तथा सरोकारवाला निकायका प्रतिनिधिबीच अन्तरक्रिया गरिएको हो ।

हेल्भेटास नेपालको प्राविधिक सहयोगमा झापामा परियोजना सहजीकरण गरिरहेको साझेदार संस्था विराट सामुदायिक अध्ययन केन्द्रको आयोजना र भद्रपुर नगरपालिकाको व्यवस्थापनमा सञ्चालित अन्तरक्रियामा



झापाको वैदेशिक रोजगारको अवस्था, समाजमा यसले पारेका सकारात्मक तथा नकारात्मक प्रभाव, वैदेशिक रोजगारमा जान चाहनेहरुका लागि सरकारीस्तरमा उपलब्ध गराइने शीप तालिम तथा परामर्श सेवाका कार्यक्रम बारे परियोजनाका कार्यक्रम संयोजक फणिन्द्र दाहालले जानकारी गराएका थिए । उनका अनुसार यसै आर्थिक वर्षको पाँच महिनामा लगभग २ हजार जनालाई परामर्श प्रदान गरिएको, वैदेशिक रोजगारसम्बन्धी केही ठगीका मुद्दा समाधान गरिएको, २० जनाभन्दा बढीलाई शीप तालिमका लागि सिफारिश गरिएको छ । झापामा भद्रपुर, मेचीनगर र दमक नगरपालिका तथा गौरीगञ्ज गाउँपालिकामा सामी परियोजना सञ्चालन भइरहेको विराट सामुदायिक अध्ययन केन्द्रका कार्यक्रम निर्देशक रुद्र सिटौलाले बताए ।

भद्रपुर नगरप्रमुख जीवनकुमार श्रेष्ठको सभापतित्वमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो ।


विद्यार्थी, शिक्षक, कर्मचारी
परिचय-पत्रको लागि
कम्प्युटर प्वाइन्ट चन्द्रगढी
भद्रपुर-७ (चन्द्रगढी), झापा
सम्पर्क : ०२३४५५७०६

अर्गानिक चिया पिऔं, स्वास्थ्य जीवन जिऔं
ग्रिनहिल टी हाउस
अर्गानिक ग्रिन टी — ध्यू, छुर्पी
गोल्डेन टी — अकबरे खोर्सानी
हवाईट टी — किवि फल, ललीपप
अर्थोडक्स टी — ग्राउन एप्पल
हामी कहाँ यी सामग्री सुपथ मुल्यमा उपलब्ध छन्
सम्पर्क : ९८५२६४६४१०, ९८४२६४६४१०
उत्पादक : ग्रिनहिल अर्थोडक्स चिया प्रशोधन उद्योग, साखेजुङ-४, इलाम







विविध जातका फूलका बिरुवा तथा विउविजनका लागि हामीलाई सम्झनुहोस ।
न्यू उदेश नर्सरी
भद्रपुर-८, झापा



निर्माण जगतमा
मजबुद नाम
मनषा सिमेन्ट




निर्माण जगतमा
एक मजबुद शक्ति
ने.गु.नं. ३८५
ISO 9001:2008
Reg. No. RQ977/6760
गोरखकाली सिमेन्ट
AN ISO 9001:2008 CERTIFIED COMPANY



नेपाल स्वर्णकला भवन
भद्रपुर-६ (झापा)
फोन नं. : ०२३-५२०३५९
म्यानेजिङ डाइरेक्टर
सुभाषरत्न शाक्य
झापाको एक मात्र २४ क्यारेटको रसायन बिनाको गहनाको लागि
यहाँ हरेक डिजाइनका सुन र चाँदीका गहनाहरु ग्यारेन्टीका साथ बनाइन्छ ।
बिहीबार पसल बन्द रहने छ ।

ओम साई पाथीभरा हस्पिटल प्रा.लि.
भद्रपुरमा अब थप नयाँ सेवासहित
❖ल्याप्रोकोपी सर्जरी सेवा ❖स्त्री तथा प्रसुति रोग विशेषज्ञ सेवा ❖नाक, कान तथा घाँटी रोग विशेषज्ञ सेवा :
❖फिजिउसियन विशेषज्ञ सेवा ❖दन्त रोग विशेषज्ञ सेवा :
❖डायलाईसिस सेवा र डायलाईसिस गर्नु पर्दा लगाईने फिस्टुला सेवा ❖ बाल तथा नवजात शिशुरोग विशेषज्ञ सेवा ❖ मानसिक तथा स्नायुरोग विशेषज्ञ सेवा ❖ छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ सेवा
❖ भिडियो एक्स-रे सेवा ❖ मुटुको ईसीजी तथा ईको कार्डियोग्राफी सेवा ❖ पेटको ईण्डोस्कोपी सेवा
फिजियोथेरापी सेवा ❖ एसी क्याबीन तथा जनरल क्याबीन रुम सेवा
चौबिसै घण्टे सेवा : इमरजेन्सी सेवा, सिटी स्क्यान सेवा, डिजिटल एक्स-रे सेवा, प्याथोलोजी (ल्याब) सेवा, फार्मेसी सेवा, एम्बुलेन्स सेवा
भद्रपुर-९, सगरमाथा चौक, झापा, फोन नं. : ०२३-४५६५८१, ४५६९८१ मो. नं. : ९८५२६७८८२०


नयाँ सन्दर्भ साप्ताहिक । प्रकाशक तथा सम्पादक : गोविन्द चन्द छेत्री ९८४२६३७०८४ । कार्यकारी सम्पादक : द्रोण अधिकारी ९८४२६२८७९१ । कार्यालय : भद्रपुर-८, झापा, ०२३५२००९३
सह-सम्पादक : विगम श्रेष्ठ ९८०४९१६३२१। कम्प्युटर:अलिसा श्रेष्ठ । वेनाम सुब्बा । Email : nayasandarva@gmail.com मुद्रण राजु प्रिन्टीङ् प्रेस, विर्तामोड

## सम्पादकीय

# इमान्दार चरित्र नभएसम्म समृद्धि नारामात्र हुने छ

चुनावी प्रतिष्पर्धामा उत्रदा देखिएको दृष्यले नेपाली राजनीतिक दलहरू विगतका असक्षमता छोडेर देश विकासमा इमानदार हुनेछन् । अस्थिर विचारबाट फट्को मारेर स्थीर राजनीतिको बाटोमा नेपाली राजनीति लाग्ने छ । गुटगत स्वार्थ र झिनामसिना आन्तरिक स्वार्थबाट उम्किएर राजनीतिले देश विकासको फट्को मार्ने छ । सत्तामा पुग्ने होस् या प्रतिपक्षमा रहने सवै दल देश र जनताप्रति बफादार बन्ने छन् । २००७ सालयताको समृद्धिको सपना अब पूरा हुने छ, भन्ने जनविश्वासलाई अहिलेसम्मको अवस्थाले पूरा गर्ने देखिएको छैन । समृद्धिको मुद्दा क्रमशः सरकारको कोरा हुङ्कारको विषय र प्रतिपक्षको अस्तित्व रक्षा मात्रै बन्दै गएको छ । राष्ट्रिय चासो र बहसको यो गम्भीर मुद्दाले दर्बिलो राजनीतिक स्वामित्व प्राप्त गर्न सकेको छैन । यो केवल फोस्रो राजनीतिक नारामा रूपान्तरण हुँदैछ । नेपालको आफ्नै इतिहास विगतदेखि रमिते भएर ज्वलन्त साक्षी छ । आधारभूत आवश्यकता, एसियाली मापदण्डदेखि अहिलेको 'सुखी नेपाली समृद्ध नेपाल' सम्मका विकासका सपनाले मूर्तरूप लिने आधार तय भएका छैनन् । मूल कारण, राजनीतिको धमिलो छाँयाले पारेका ती अनेक नामका 'आकाश खेती' आकर्षक नाराका रूपमा आए । तर तिनले यथेष्ट राजनीतिक स्वामित्व पाएनन् । अनि जनतालाई भ्रममा राख्न 'सुखी नेपाली समृद्ध नेपाल' घोकिएको हो कि भन्ने प्रश्न उठेको छ । सार्वभौम संसद आन्तरिक किचलोका कारण बन्दक भएको छ । सरकार अध्यादेशमै रमाएको छ ।

विकास र समृद्धिको महत्वाकांक्षी अभियानको स्वामित्वका लागि राजनीतिक स्थायित्व अपरिहार्य हुन्छ । यतिखेर नेपाल लामो राजनीतिक तदर्थवादपछि एउटा नयाँ राजनीतिक प्रणालीलाई आत्मसात गरेर आधुनिक राज्य बन्ने अपेक्षामा छ । यस माहान कार्य पूर्ण गर्न राजनीतिक दलहरूको सबलतामा निर्भर गर्छ । संविधान बाहिरका शक्तिहरूको गतिविधिलाई हेर्ने र सम्बोधन गर्ने सबैभन्दा युक्तिसंगत, सम्भव भए राष्ट्रिय स्वरूपको, राजनीतिक दृष्टिकोण निर्माणप्रति कसैको चासो देखिएको छैन । उनीहरूमध्ये कतिपयका बम, बन्द र बदमासीको त्रास भने बढ्दै गएको छ । दुईतिहाइको शक्ति क्षय भए जस्तो हुँदा मुलुकका आर्थिक-राजनीतिक मुद्दाहरूको उचित र सामयिक सम्बोधनका लागि संवैधानिक दायराभित्रका दलहरूको सशक्त भूमिका देखिएको छैन । यी दलहरूले संविधान निर्दिष्ट भूमिकालाई लोकतान्त्रिक मर्म अनुरूप निर्वाह गर्न आफूलाई सक्षम बनाउन सकेका छैनन् । एउटै आदर्श भित्रका दुई ध्रुवमा फर्किएका कम्युनिष्ट शक्ति मिलेर बनेको नेकपा भित्र एकताको जड बन्न नसक्दा गुटगत स्वार्थले अस्थिर राजनीतिकै शैलीमा पार्टी अल्मल्याउँदा समृद्धि छाँयामा परेको छ । सरकारका कमजोरी सच्याउन भूमिका खेल्नु पर्ने प्रमुख प्रतिपक्षी नेपाली काँग्रेस पनि आन्तरिक गुटगत स्वार्थले अभै कमजोर हँदा मुलुकका समस्याहरूले समाधानको बाटो पक्रने ठाउँ पाएका छैनन् ।

दुर्भाग्यवश, मुलुकका निर्णायक पक्ष मानिएका दलहरूभित्र शक्ति सञ्चयभन्दा शक्ति क्षयको प्रतिस्पर्धा चुलिँदो छ । यस बेला विगतका अस्थिर सरकारका कार्यशैलीभन्दा भिन्न प्रवृत्तिमा शासकीय स्वरूप जान नसकेको दृष्यले विकास र समृद्धिको महत्वाकांक्षी जनचाहना अधुरै हुने हो कि ? चिन्ता मडारिरहेको छ । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको पहिलो निर्वाचनको ३ वर्षे अवधि पूरा हुँदै गर्दा नेकपाले पाएको भारी जनमत सदुपयोग भएको अनुभव नेपाली जनमानसमा परेको छैन । कम्युनिस्टको रूपमा आएको नेकपा सरकारको काम गर्ने शैली अनुभव गर्दा उग्र सामन्तवादी शैलीकै बाहुल्यता छ । हुकुमी प्रवृत्ति, भ्रष्टाचार, दुराचारको संरक्षण जस्ता कार्यशैलीले कम्युनिस्ट चरित्र समाप्त भइसकेको अनुभूति जनमानसमा छ । नेपालीको समृद्धिको सपना अब पूरा गर्ने हो भने नेपालका राजनीतिज्ञ इमान्दार भएर लाग्नु पर्छ, नत्र हात्ती आयो ! हात्ती आयो !! फुस्स भने भैं हुने छ ।

### ६० वर्षपछि दोहोरिएको राजकीय शक्ति लडाइँ

# तत्काल मध्यस्थता गरेर संविधान संशोधनमा नगए दुर्घटना निश्चित



–तीर्थ कोइराला

सत्ताधारी दल नेपाल कम्युनिस्ट पार्टी बहुमतको सरकार बनाउन सफल भएर पनि संकट, शंका र अनपेक्षित विवादको भुमरीमा फसेको छ । यो विवाद प्रतिपक्ष वा अन्य शक्तिबाट नभई आफ्नै दलभित्रका नेताहरूको असन्तोषका कारण उब्जिएको हो भनिरहनु पर्दैन ।

यसबेला सरकारमा रहेका र नरहेका दुवै तिरका नेताको व्यवहारबाट जनता मात्र हो इन, नेकपाकै कार्यकर्तासमेत छक्क, दिक्क र विरक्त छन् । विवाद मिलाउनुपर्ने पार्टीको सचिवालय र स्थायी कमिटी स्वयम्म् पक्ष र विपक्षमा विभाजित देखिन्छ । केन्द्रीय कमिटी लाचार छ । पार्टी पद्धति संगठन र सिद्धान्त भताभुङ्ग छ ।

नेकपा एमाले र नेकपा माओवादीबीच एकता भएको करिब ६ महिनापछि शुरू भएको विवाद तिक्तता पोलापोल हुँदै एकअर्कामा खोलाखोलको स्थितिमा पुगेको छ । यसले सरकारका काम अलमलमा परेका छन् । सामान्यतया सरकारका कामप्रति प्रतिपक्ष आलोचनात्मक हुनुपर्नेमा सत्ताधारी दल नै विरोधमा अग्रसर भएपछि प्रतिपक्षी दलहरू फिक्का देखिएका छन् ।

गुनासा, आरोप र यथार्थ

विवाद सिद्धान्त र विधिमा असहमति भएको लेप लगाउने गरिएको छ । तर यथार्थमा सिद्धान्त, विधि वा सरकारका काम राम्रा नराम्रा भएर भन्दा पनि सीमित नेताबीच पदको लडाइँ र भागबण्डामा बढी केन्द्रित छ । यद्यपि दुबै पक्षका कतिपय तर्कमा केही आधार भएपनि यसको कारण र समाधानका उपाय अहिले संवाद हीनताको अबस्थामा लागु नहुने खालका छन् ।

एकपटक पाटी वा सरकारको उच्च पदमा पुगेको नेता पटकपटक सोही पदमा जाने आफ्नै चाहनाले पिरोलिएका देखिन्छन् । उनीहरू नयाँ पुस्तालाई अघि लगाएर आफू पछाडि बस्ने राष्ट्र निर्माणमा योगदान गर्न किमार्थ तयार देखिँदैनन् । यो हुनुको कारण तिनलाई अघि लगाएर आफ्नो हित साधन गर्ने स्वार्थ समूह कारक तत्व बनेको प्रष्ट छ ।

दोस्रो, कारण दलभित्र नेताबीच संवाद र सञ्चार नहुनाले आपसमा शंका अविश्वासले जरा गाडेको छ । नेताहरू आपसमा यथार्थ सूचना आदानप्रदान गर्दैनन् र उनीहरूबीच खुला कुरा हुँदैनन् । यो नहटाए वा नहटेसम्म नेकपा एक हुन सक्दैन । जनता बिर्सेर हो वा तिनका कार्यकर्तालाई मूर्ख सम्झेर हो विवादमा प्रयुक्त तर्क र ब्यवहार हेर्दा अहिलेको यो जमानामा पनि नेताहरुले सञ्चारको अर्थ र महत्व नबुझेको प्रतीत हुन्छ ।

तेस्रो, प्रथम अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीको बोली वा व्यवहारबाट अधिकांश पहिलो तहका नेताले पटकपटक अपहेलित भएको नेताहरूका अभिव्यक्तिले प्रष्ट गर्छ । उनीहरू आफ्नो मानमर्दन गरिएको र स्वाभिमानमा ठेस लागेको अनुभव सुनाउँछन् । यस सन्दर्भमा नेताबीच लुकाइएका विषय खुलेर कुरा हुने कुरै भएन, अझ पहिले पदमा बसेका नेताको सम्मान र भएका राम्रा कामको सामान्य कदर गरे पनि विवाद न्यूनीकरणमा सहयोग पुग्छ ।

असन्तुष्ट पक्षका मानिसलाई सीमित संख्यामा मात्र नियुक्ति गरिएको र गुटगत गतिविधि तीव्र बनाइएकाले आफू नजिकका कतिपय पुराना र लामो समय आन्दोलनमा सहभागीलाई समेत मौका नदिइएको गुनासो सडकसम्म आइपुगेको छ । पहिलो तहका नेता प्रायः दलको नेतृत्व गरिसकेका र प्रधानमन्त्री उपप्रधानमन्त्री वा उच्च नेतृत्वमा रहिसकेकाहरूको गुनासो यस्तो छ ।

त्योभन्दा तल्लो तहमा रहेकाहरू आफ्नो योग्यता क्षमताको अवमूल्यन गरिएको र अधिकांश अवसर आफन्त नातेदार पेसावाल र गुटका मानिसले पाएको दृष्टान्त पेस गर्छन् । उनीहरू आफूलाई पदबाट पाखा पारिएको, पार्टी निर्णय बेगर सरकारी नियुक्ति ठेक्कापट्टामा प्रधानमन्त्रीले एकलौटी गरे गराएको लगायत असन्तोषका पोका पनि फुकाउँछन् । यी सबैका पछाडि सत्ताभित्र वा बाहिर दुवैतिरका नेताको अतिरिक्त आम्दानी सुविधा र आफ्ना मान्छे रिझाउने कुराबाहेक साँच्चै राष्ट्र निर्माणको कुराचाहिँ कमै देखिन्छ ।

प्रधानमन्त्री वा मन्त्री पार्टीले पठाउने हो । पार्टीले सरकार बनाउने भएकोले दलीय पद्धतिअनुसार सरकार पनि दलको निर्णयअनुसार मात्र सरकार चल्नुपर्ने उनीहरूको जिकिर छ । यसबाहेक एमाले र माओवादी एकीकरण गर्दाका कतिपय सर्त पालन नभएको प्रचण्ड र निकट नेताहरूको छुट्टै आक्रोश छ । दाहाल-नेपाल पक्ष ओलीले तत्काल प्रधानमन्त्री वा पार्टी अध्यक्ष पद त्याग गर्नुपर्ने अडानमा छ । ओली पार्टी महाधिवेशनसम्म अध्यक्षमा रहने र निर्वाचनसम्म प्रधानमन्त्री नछाड्ने पक्षमा छन् । उनले अर्की पटक दुवै पदमा उम्मेदवार नहुने पनि स्पष्ट गरेका छन् । दुवै पद नभए पनि एउटा पद छोड्नैपर्ने ओलीइतर पक्षको माग छ । उनीहरू एक व्यक्ति एक पद पार्टीको घोषित नीति भएको बताउँछन् । यद्यपि एक व्यक्ति एक पद कुनकुन पदमा कसरी लागु हुने हो स्पष्ट छैन ।

संस्थापन पक्षका कुरा

तर सरकार स्वयं प्रधानमन्त्री ओली र उहाँ पक्षधरहरू सरकारका कामको दायित्व प्रधानमन्त्रीले लिनुपर्ने संवैधानिक व्यवस्था रहेको र जस अपजसको भागिदार पनि प्रधानमन्त्री नै हुनुपर्ने भएकोले सबै कुरामा दलले हस्तक्षेप गर्न नमिल्ने बताउँछन् । उनीहरू भन्छन् , "प्रजातान्त्रिक मुलुकसरह प्रधानमन्त्रीले आफ्नो टिम बनाउन पाउनुपर्छ ।"

संवैधानिक निकायको नियुक्ति संवैधानिक परिषदको बैठकसमेत बस्न नसकेपछि सरकार बनेदेखि खाली रहेका छन् । प्रतिपक्षसँग भागबण्डामा नमिलुनाले पनि समस्या छ । सरकार बनाउने दलले प्रतिपक्षसँग भागबण्डा गर्ने अनौठो र अनुपयुक्त प्रावधानले मात्र होइन स्वयं सत्ताधारी दल भित्रका नेताबीच तेरो मान्छे मेरो मान्छे मात्र बोक्ने र गुटको भाग नमिलुनुले यो समस्या आएको प्रष्ट बुझिन्छ ।

दलको सामान्य समझदारीबिना आउने बेलामा अध्यादेश ल्याउनुजति अप्रासङ्गिक छ त्यति नै आफ्नै दलले समेत पूरै असहयोग गरेका बेला अध्यादेशमार्फत सरकारले काम चलाउन जस्केलाको बाटो खोज्नु पनि स्वाभाविक देखिन्छ । किनभने राजनीतिक झगडाले राष्ट्रलाई अनिर्णयको बन्दी बनाइरहनु अनुचित हुन्छ । अध्यादेश छ महिनाभित्र संसदबाट अनुमोदन नभए स्वतः खारेज हुनेछ भन्ने स्पष्ट छ ।

सरकार चलाउनेले सरकारका विशेष महत्वका ठाउँमा आफ्नो विश्वासका मानिस राख्छ र राख्न पाउनु पनिपर्छ । सरकारमा जानेलाई दलले त्यो सुविधा र स्वतन्त्रता दिनु पनि पर्छ । सफल सरकार हुनु भनेको दल सफल हुनु हो कुनै नेता विशेष मात्र होइन भन्ने बुझ्नु पर्छ तर त्यसो भन्दैमा मत मिल्ने भन्दैमा अयोग्य र दल भित्र सामान्य समझदारी नगरि गरिएका नियुक्ति लगायत काम कारबाहीले सरकार आफैंलाई नोक्सान हुन्छ जो भइरहेको पनि छ ।

हाम्रो जस्तो मुलुकमा दलको जिम्मेवारी निर्वाचनका बेला अवश्य देखिन्छ । तर संवैधानिक र कानूनी जिम्मेवारी प्रधानमन्त्री र सरकारका मन्त्रीहरू कै हुन्छ । काम बिग्रियो भ्रष्टाचार भयो भने दलको कुनै पदाधिकारी दण्डको भागिदार हुदैन । तर दोस्रो चरणमा उसले गरेका राम्रा नराम्रा कामको परिणाम भने निर्वाचनमा उसँगैउ आबद्ध दलले पाउने मत मार्फत प्रष्ट देखिनेछ ।

सरकारको सफलतामा दलको सफलता झल्किने हो र दलको साथ सहयोगमा मात्र सरकार सफल हुने हो भन्ने नेकपाका नेताहरूले यसबेला चटक्कै बिर्सेका छन् । अधिकांश नेताहरूको आँखामा महत्वाकांक्षा र घमन्डको पट्टी लागेको ठहर्छ ।

डाक्टर गिरीको अनुभव र इतिहास

डाक्टर तुलसी गिरी गणतन्त्रका तार्किक विरोधी थिए भने राजतन्त्रका प्रखर समर्थक । निर्दलीय पञ्चायती व्यवस्थाका योजनाकार र कार्यान्वयनकर्तामध्ये एक । अझ उनलाई बेलाबखत "पञ्चायतकी आमा" भनेको समेत सुनिन्थ्यो । उनले 'र ाजाबाट हुकुम हुन्छ भने म फरिया लगाउन तयार छु' भने भन्ने समाचार कतै पढेको थिएँ ।

२०३२ साल मंसिरतिर उनी दोस्रो पटक प्रधानमन्त्री बने र देश विकासका लागि १० सुत्रीय कार्यक्रम घोषणा गरे । २०३६ सालमा राजा वीरेन्द्रले जनमत संग्रह घोषणा गरे । जनमतमा बहुदलीय व्यवस्थाविरूद्ध सुधारिएको निर्दलीय पञ्चायती व्यवस्थाले बढी मत पाएर संविधानको तेस्रो संशोधनसँगै उनी व्यवस्थाबाट मात्र होइन, मुलुकबाटै बाहिरिए ।

२०५८ सालमा राजा बनेका ज्ञानेन्द्रले प्रत्यक्ष शासन सम्हालेपछि उनलाई आमन्त्रण गरे र उपप्रधानमन्त्रीमा नियुक्त गरे । उनी उपप्रधानमन्त्री भएका बेला पहिलो पटक सिंहदरबारको धमिलो प्रकाश भएको कोठामा मैले भेटेको थिएँ । यद्यपि, उनका तर्क र तथ्यहरू आफ्नो ठाउँमा सही हुँदाहुँदै पनि समय अनुकुल थिएनन् । हामी आ(आफ्ना असहमति सहित छुट्टिएका थियौं । व्यवस्था गयो, राजा कुनामा गए । समयक्रममा उनलाई खोज्दै म फेरि बुढानिलकण्ठ पुगेँ, जहाँ उनी बस्थे । त्यसपछि धेरैपटक भेट भयो । भेट कहिले मैले चाहेर भयो, कहिले उनले चाहेर भयो ।

वास्तवमा डाक्टर गिरी स्पष्ट विचार भएका प्रखर विश्लेषक पनि थिए । गिरिजाप्रसाद, सुशील कोइराला वा शेर बहादुरले नेतृत्व गरेको नेपाली कांग्रेस होइन, वीपी कोइरालाको नेतृत्वमा रहेको त्यो बेलाको नेपाली कांग्रेसको महामन्त्री थिए कुनै बेला । दिवंगत भएको धेरै पछिसम्म कांग्रेसजनहरूले महामानव भनेका र अरूले समेत पटकपटक 'वीपी जस्तो' भन्ने गरेका नेतालाई मात्र होइन, दुईतिहाइ मत भएको सत्ताधारी दलको महामन्त्री पद त्यागेर वीपीलाई अपदस्थ गर्दै राजा महेन्द्रले बहुदल अन्त्य गरेर ल्याएको निर्दलीय पञ्चायती व्यवस्थालाई स्वीकार गरेका थिए डाक्टर गिरीले ।

उनी तुलसी गिरी मात्र भनिएनन् । सधैं डाक्टर गिरीबाट चिनिए । कुराकानीका क्रममा मैले एक दिन डाक्टर गिरीलाई सोधें, "मानिसहरू राजा महेन्द्र र वीपीबीच मेल भएको भए मुलुकले उहिल्यै काँचुली फेर्ने अनुमान गर्छन् । उनीहरू बीच एक अर्कामा त्यस्तो वैमनस्यता किन भयो र दुईतिहाइ बहुमतको निर्वाचित सरकार फालेर असान्दर्भिक निर्दलीय व्यवस्था किन र कसरी अंगिकार गरियो ?"

त्यसबेला पार्टीका नेताहरू र सरकारको नेतृत्व गरिरहेका वीपी कोइराला बिचको अन्तरद्वन्द एकातिर थियो भने अर्कातिर परम्पराअनुसार शक्ति सम्हालेका महत्वाकांक्षी राजा महेन्द्र र जननिर्वाचित लोकप्रिय प्रधानमन्त्री वीपी कोइरालाबीच । डाक्टर तुलसी गिरीका अनुसार राजा र प्रधानमन्त्रीमध्ये राजकीय शक्ति कसमा रहने भन्ने विवाद भित्री चुरोमा थियो भने अनेक नामका विवाद सतहमा देखिएका थिए । अन्ततः त्यसबेला राजकीय सत्ता हत्याउन राजा महेन्द्र सफल भएका थिए । उनको योजनामा वीपीको दलकै विश्वासपात्र एवं नेता डाक्टर गिरी, विश्वबन्धु थापा र ऋषिकेश शाह लगायत दर्जनौं सहभागी भएको इतिहासले प्रष्ट गर्छ ।

१७ सालबाट २०७७ सालमा

यसैगरी बहुदलीय व्यवस्थाको पुनःस्थापनापछि नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकार पनि यस्तै समस्याबाट गुज्रिएको हो । त्यसबेला सरकारमा जाने चाहना नराखे पनि दलको चाहना बाहेक सरकारले पाइलो नसारोस् वा आफ्ना मानिस नियुक्तिमा परे नपरेको हिसाब सर्वोच्च नेता गणेशमान सिंहले पनि गरेकै हुन् । प्रधानमन्त्री गिरिजाप्रसादले अरूका कुरा नसुनी स्व(विवेकले निर्णय गर्दा नेता सिंहको 'कुकुरले पुच्छर हल्लाउने, होइन यहाँ त पुच्छरले कुकुर हल्लायो' भनेको चर्चित अभिव्यक्ति आएको थियो अन्ततः सो विवादका कारण नेपाली कांग्रेसको बहुमतको सरकार विघटन भएर २०५१ सालमा बहुमत विहीन संसद बनेर नेकपा एमालेको अल्पमतको सरकार बनेको इतिहास भुल्नु हुँदैन ।

२०५० ताका पनि राजाले सत्ता आफ्नो हातमा लिने थिए होलान तर २०४६ को आन्दोलनको तातो बाँकी रहेको, राजा वीरेन्द्र त्यति धेरै महत्वाकांक्षी नभएको र बहुदल थप बदनाम होस भन्ने विचारले पनि काम गरेको थियो । २०७७ साल पुष १ गते अर्थात २०१७ को ठ्याक्कै ६० वर्षपछि सरकार, दलहरू र मुलुकमा उही समस्यामा आइपुगेको छ । नेता उस्तै देखिएका छन् । तर आज महत्वाकांक्षी राजा महेन्द्र छैनन् । उनका ठाउँमा महत्वाकांक्षी नेताहरू छन् । नेकपाका सीमित नेताका सीमित स्वार्थलाई अलिकति पर राखेर विचार गर्ने हो भने दल र सरकारबीच राजकीय शक्ति कसमा रहने भन्ने लडाइँको विषय दोहोरिएको छ । संविधानले दललाई राजकीय सत्ता स्पष्ट नदिए पनि दलबाट चुनिएको प्रधानमन्त्री भएकोले घुमाउरो ढंगले दलको वर्चस्व रहेको देखिन्छ । यो स्थिति भनेको लगभग २०१७ सालमा वीपी कोइरालाको नेतृत्वमा रहेको नेपाली कांग्रेसको दुईतिहाइको सरकारकै अवस्था हो भन्ने कुरा समाज दैनिक लगायत पत्रपत्रिकामा प्रकाशित समाचारबाट प्रष्ट हुन्छ । प्रजातन्त्रको शिर राजतन्त्रको जाँतोले थिचिएको, एउटै दलको बहुमत प्राप्त सरकार नपाएको र जन अपेक्षित संविधान नभएकोले लामो समयदेखि मुलुकले गति लिन नसकेको भनिँदै आएको थियो । तर अहिले मुलुकले राजतन्त्रलाई विश्राम दिइसकेको छ । जननिर्वाचित संविधानसभा मार्फत मुलुकले संविधान निर्माण गर्‍यो । जनताले एउटै दललाई बहुमत दिएर स्थायी सरकार बनाउने मार्गप्रशस्त पनि गरिदिए । तर संविधानको जिम्मेवारी लिने सभासद इतिहासको गर्भमा हराएका छन् । त्यसबेला च्याउ झैं उम्रिएर संविधान बनाउन आइपुगेका कतिपय दल यो धर्तीमा छन् र छैनन् ,कसैलाई थाहा छैन ।

देश एकात्मक राज्य प्रणालीबाट संघीय पद्धतिमा गएको मात्र होइन, संघीय सरकार, प्रदेश र स्थानीय सरकारमा समेत लगभग एउटै दलको वर्चश्व रहने अवस्था पनि जनमत मार्फत नै सिर्जना भएको छ । यस अर्थमा यो सरकार पनि ऐतिहासिक रूपले नै शक्तिशाली सरकार हो । तर शक्तिशाली सरकारलाई सत्ताधारी दल भित्रको खिचातानीले निरीह र बेकामे बनाइदिएको छ । पार्टीले आफ्नो सरकार हो भन्ने अनुभूति गरेको देखिँदैन भने सरकारका प्रधानमन्त्री पनि पार्टीबाट सहयोग लिन सकेको देखिँदैन । यस्तो अबस्थामा रहेको नेकपा र वर्तमान सरकारको असफलताले समग्रमा यो पद्धति माथि नै प्रश्न चिन्ह खडा गर्नेछ । जसको परिणाम जनता यो शासन पद्धतिको विकल्प खोज्न वाध्य हुने प्रष्ट छ ।

संविधानले चिनेको प्रधानमन्त्री एवं सरकारका मन्त्रीहरू प्रत्यक्ष जिम्मेवार हुने हुनाले उनीहरूले प्रधानमन्त्री मार्फत दलसँग सम्बन्ध राख्छन् । यसैगरी दलले पनि संसदीय दलको नेता प्रधानमन्त्रीमार्फत सरकार सञ्चालन गर्ने दोहोरो व्यवहार हुन्छ ।

संविधान संसोधन आवश्यक

अहिले सरकारको नेतृत्व पार्टी अध्यक्ष समेत रहेका केपी ओलीले गरिरहेका छन् । दललाई विश्वासमा लिने वा सन्तुलन कायम गरेर सरकार हाँक्ने पहिलो जिम्मेवारी उनकै हो । उनका योजनामा सहयोग गर्नु दलको कर्तव्य हो । आफैं बीचको उपेक्षा र उपहासले प्रधानमन्त्री र सरकार या पार्टी मात्र होइन, राजनीतिक संस्कार र चरित्रमा नै ह्रास आउनेछ। जसलाई कुनै नेता सिद्धान्त, विधान या संविधान र छाती चर्किउज्जेल क्रान्तिकारी आदर्शका खोक्रा भाषणले टाल्न वा सच्याउन सक्दैन ।

मतान्तरको गहिराइ हेर्दा पहिलो चरणमा विवादमा रहेका विषयमा हस्तक्षेप गर्न नेकपाका नेता, अनुशासन कमिटी सल्लाहकार कमिटी अग्रसर भएर तत्काल दुर्घटनाबाट पार्टी जोगाउनु पर्छ । त्यसबाहेक दलको महाधिवेशन तत्काल नहुने हो भने प्रदेशमा भेला गरेर निष्कर्ष खोज्न सकिन्छ । अझ फराकिलो भएर मुलुकले सकेसम्म सबै विचार र शक्तिलाई समेट्ने हिम्मत गर्नु पर्छ । यसैगरी दोस्रो चरणमा राजकीय सत्ताको जिम्मेवारी टुङ्गो लगाउन संविधान संशोधनमा जानै पर्छ । संविधान संशोधनमा गएर राजकीय सत्ताको टुङ्गो नलगाउने हो भने प्रधानमन्त्री केपी ओलीको राजीनामाले राजनीतिमा अहिले सल्केको दावानल तत्कालका लागि मात्र शान्त हुनेछ । समस्या रहिरहने छ ।

यस क्रममा मुलुकले पछिल्लो चरणमा अनुभव गरेका सबैखालका त्रुटी समेत सच्याउने अवसर मिल्नेछ । यो उपाय नअपनाउने हो नेपाली जनताले चाहेको स्थायी सरकारबाट द्रुततर विकास सपना मात्र हुनेछ । अहिलेको सरकार र विवादग्रस्त नेकपा मात्र होइन, अहिलेको राजनीतिक पद्धति समेत नजोगिने स्पष्ट छ । अकी, यस्तै अडान राख्ने मानिस सरकारको नेतृत्वमा आए कथा दोहोरिनेछ । कथा नदोहोरिनका लागि मुलुकमा दलले पठाएको लाचार प्रधानमन्त्रीले कुर्सी ओगटेर समय बिताउनेछ ।

यसरी दुबै कुराबाट मुलुक चाहे अनुरुपको बाटोमा नजाने निश्चित छ । यसले स्थिर सरकारमार्फत देश विकासको जनचाहना पूरा हुने छैन । जसले विदेशी चलखेल निम्तिन पनि सक्छ । अर्को तिर नयाँ खालको निरङ्कुशता जनताले स्विकारेर भए पनि विकासको तिब्र इच्छा पुरा गर्ने बाटो खोल्न बाध्य हुनुपर्नेछ अनि मुलुकले दुर्घटनाको भुमरी बिच परेर आधुनिक प्रजातन्त्रको अर्को केही पुस्ता प्रतिक्षा गर्नु पर्नेछ ।–साभार थाहाखबर

# नेकपा विवादको चूरो : २० अर्ब घोटालाको फायल



यतिबेला नेपाली राजनीतिमा चकी उथलपुथल आएको देखिन्छ । 'त्यो उथलपुथल ल्याउने काम गरिरहेको छ एउटा फायलले' भन्छन् अनुसन्धानमा पोख्त एक पूर्व सरकारी अधिकारी । सत्तारुढ दल नेकपाभित्र अहिले चलिरहेको चकी विवादको मुख्य कारण पनि त्यही फायल नै हो भन्ने ठोकुवा गर्छन् ती पूर्व अधिकारी । संवैधानिक परिषद्को विषयमा अहिले भइरहेको विवाद र अध्यादेश प्रकरणको मुख्य कारण यसैलाई मानिएको छ ।

अख्तिार दुरुपयोग अनुसन्धान आयोगमा थन्किएर रहेको भनिएको त्यो फायलले नेपाली राजनीतिलाई निरन्तर प्रभावित गरिरहेको छ । तर, मुख्य नेताहरु कोही पनि त्यो फायलका बारेमा एक शब्द बोल्दैनन् वा बोल्नुलाई जोखिम मान्छन् ।

माओवादी लडाकूलाई विभिन्न शिविरमा राखेको अवधिमा उनीहरुको भरणपोषण लगायतका लागि आवश्यक खर्च गर्न भनी नेपाल सरकारको बजेटबाट खर्च गरिएको अर्बौं रुपैंयाँमा घोटाला भएको भनी आयोगमा उजुरी परेको थियो । तर त्यसबारेमा एकरत्ति पनि कार्वाही नभएको भनी बेलाबेलामा चर्चा हुने गरेको छ । तत्कालिन माओवादी नेता तथा माओवादी आवरणमै प्रधानमन्त्री भैसकेका डाक्टर बाबुराम भट्टराई समेतले लडाकूको निमित्त भएको खर्चमा घोटाला भएको भनी सार्वजनिक रुपमै आलोचना गरिसकेका छन् ।

करिब २० अर्ब रुपैयाँ घोटाला गरिएको भनिएको फायल सदाका लागि गायब गर्ने या बन्द गर्ने उद्देश्य साथ नेपाली राजनीतिमा बारम्बार गडबडी गर्दै आएको छ । त्यो फायल खुल्दा धेरैजनालाई हतकडी लाग्ने चर्चा नचलेको पनि होइन । तर अख्तियारमा पुगेका कुनै पनि प्रमुखले निम्सरा कर्मचारी तर्साउने बाहेक यस्ता ठूला फायलमा नजर पनि लगाउने हिम्मत गरेनन् । अहिले सत्तारुढ दलको विवादमा यो फायल मुख्य मुद्दा रहेको बताईन्छ । प्रधानमन्त्री केपी शर्मा ओलीले कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई तर्साउन नै यो फायल अघि बढाउन सक्ने भरपदी पात्रलाई अख्तियारको साँचो जिम्मा लाउन खोजेको जानकार सूत्रहरुको दावी छ । मंगलबारको संवैधानिक परिषद बैठकमा सभामुख अग्नी सापकोटालाई उपस्थित हुन प्रचण्डले रोक्नुको मुख्य कारण पनि यसैलाई मानिएको छ ।

बाँकी पृष्ठ ४ मा

# साहित्य खेलकुद मनोरञ्जन स्वास्थ्य

## स्वास्थ्य सामग्री खरिद प्रकरण :

# यी हुन् लेखा समितिले देखेका अनियमितताका तथ्य

**–स्वास्थ्यखबर**

काठमाडौं । कोरोना नियन्त्रणका लागि स्वास्थ्य मन्त्रालयले खरिद गरेको स्वास्थ्य उपकरणमा अनियमितता भएको सार्वजनिक लेखा समितिले ठहर गरेको छ । सार्वजनिक खरिदको ऐन र नियमावली मिचेर खरिद भएको समितिले निष्कर्ष निकालको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रीलाई जवाफका लागि बोलाएको समितिले खरिद प्रक्रियामा संलग्नलाई दोषी करार गर्ने अवस्था बनेको जनाएको छ । खरिद प्रक्रियाको थप छानविन पश्चात् दोषीको पहिचान गर्न सुझाइएको छ । साथै, दोषीलाई कारबाहीका गर्न कानुनी प्रक्रियाका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई पत्राचार गर्ने निर्णय भएको छ ।

स्वास्थ्य सामग्री खरिदका क्रममा भएको अपारदर्शी कार्यका तथ्य लेखा समितिले सार्वजनिक गरेको छ । खरिदका लागि श्रोतको एकिन नभएको, लागत अनुमान नगरी सिधैं प्रस्ताव माग गरि खरिद प्रक्रिया अघि बढाएको समितिले जनाएको छ । स्वास्थ्य मन्त्रीका विज्ञ सल्लाहकार डा खेम कार्कीलाई खरिद प्रक्रियामा सहभागी गराउन पर्नुको कारण मन्त्रालयले प्रष्टाउन नसकेको समितिले जनाएको छ । स्वास्थ्य सामग्री खरिदका लागि प्रारिम्भक छलफलमा सहभागी नभएको अनिता बिजनेस हाउस प्रालि (ओम्नी)लाई वार्तामा सहभागी गराउनुको कारण मन्त्रालयले दिन नसकेको समितिले जनाएको छ ।

नेपाली रुपैयाँमा लागत अनुमान तयारी गरी अमेरिकी डलरको दरमा सम्झौता हुँदा अनियमितताको आशंका रहेको जनाइएको छ । ओम्नीसँग खरिद प्रक्रिया रद्ध गरेपनि मन्त्रालयलाई भएको क्षतिपूर्ति भराउने कार्य नभएको समितिले उल्लेख गरेको छ । मास्क खरिदमा लागत अनुमानभन्दा बढी हुने गरी खरिद सम्झौता भएको तथ्य समितिले सार्वजनिक गरेको छ । एक



वर्ष भित्र गरिने खरिदको लागत समान हुनुपर्नेमा थर्मोमिटरको मूल्य बढी कायम गरि सम्झौता भएको उल्लेख छ ।

स्वास्थ्य सामग्री खरिदका प्रकरणमा समितिले गरेका अध्ययनका तथ्य तथा महत्वपूर्ण घटनाक्रमः

–बजेटको स्रोत यकिन नगरी, लागत अनमान तयार नगरी सिधै प्रस्ताव माग गरी खरिद प्रक्रिया अघि बढाएर खरिद सम्झौता गरे पछी बजेट उपलब्ध गराउन मन्त्रालयमा लेखि पठाएको देखिएको छ । खरिद कार्यमा संलग्नविज्ञ स्वास्थ्य सल्लाहकारलाई खरिद प्रक्रियामा संलग्न गराउने आधार पेस गर्न नसकेको, खरिद ऐनमा व्यवस्था भएको मूल्यांकन समितिको कुनै भूमिका नदेखिएको छ ।

–विभागीय प्रमुखले आफु खरिद प्रक्रियामा नेतृत्व गर्नुपर्नेमा अन्य असम्बन्धित व्यक्तिलाई संलग्न गराई अख्तियारको दुरुपयोग गरेको देखिन्छ ।

–प्रारम्भिक छलफलमै सहभागी नभएको ब्लष्तब Business House Pvt= Ltd= वार्तामा सहभागी गराएको र कोटेशन लिइएको ।

–लागत अनुमान तयार गर्दा नेपाली रुपैयाँमा गरेको र सम्झौता गर्दा ग्क मर्यीबिच को दरमा सम्झौता गरेको जसले गर्दा मुल्यमा तलमाथि देखिएको ।

– OBCI Pvt Ltd= संग स्वास्थ्य सामग्री खरिद गर्न सम्झौता गरेको र २०७६र१२र२० मा म्याद २ दिन बाँकि हँदै खरिद सम्झौता रद्ध गरेको र कालो सूचिमा राख्न एएःइ लाई पत्राचार गरेको तर उक्त कम्पनीबाट मन्त्रालयलाई भएको क्षतिको आंकलन गरी क्षतिपूर्ति भराउने काम नगरेको N95 mask को लागत अनुमान रु. ४६२.५० रहेकोमा गैरकानुनी रूपमा लागत अनुमान भन्दा बढी हुने गरी रु. ८२८.६७ मा OBCI Pvt Ltd= सँग खरिद गर्ने सम्झौता गरेको तर एक महिनाअघि सोही समान खरिद खरिद गर्दा लागत अनुमान रु.२६५.४८ रहेको र प्रस्ताव न्यूनतम रु. ६४८ परेकोमा खरिद नगरेको देखिएको ।

–सार्वजनिक निकायको एक वर्ष भित्र गरिने खारेदको लागत अनुमान एकै मूल्यमा हुनुपर्नेमा एक महिना अघि Thermometer (लयल contact) खरिद गर्दा मूल्य रु. ४०००.०० मूल्य कायम गरेको तर इद्यऋक्ष एखत ितम. सँग खरिदका लागि रु. ७५०० मा खरिद सम्झौता गरेको देखिन्छ ।

–OBCI Pvt Ltd= कार्य सम्पादन जमानत जफत गर्न बैंकलाई पत्राचार गरेको तर जफत भए नभएको जानकारी प्राप्त नभएको, कम्पनीले सम्झौता अनुसार खरिदमा पुर्‍याएको क्षतिको असुल उपर नगरी उल्टै OBCI Pvt Ltd= ले ल्याएका गुणस्तर परिक्षण नगरी मालसामान उपयोग गरि गैर कानूनी रूपमा भुक्तानी दिएको बुझिएको २०७७ । १ ।२३ मा विज्ञ समितिको तर्फबाट दिएको प्रतिवेदनमा PCR machine स्वीकृत स्पेशिफिकेशन अनुसार नभएको, Incoming Inspection Report मा थुप्रै कुराहरु नभएको देखाएको तर त्यसको वास्ता नगरी समान लिएर वितरण गरेको ।

–नेपाल गुणस्तर तथा नापतौल विभागको राय मुताविक औषधि व्यवस्था विभागले सामग्रीको गुण अनगमन गर्नपर्ने सझाव दिएको तर औषधि व्यवस्था विभागवाट अनुगमन नगरी नगराई सामग्री उपयोग गरेको ।

–जन स्वास्थ्य प्रयोगशालामा सामग्रीको परीक्षण नभएको, पर्याप्त संख्यामा निर्धारित समयमा सामग्री प्राप्त नभएको तर उक्त सामग्री बुझी विभिन्न निकायलाई वितरण गरेको विवरण दिएको भनिए पनि त्यसको सदुपयोग भए नभएको कुनै तथ्यांक उपलब्ध गराएको छैन ।

# गौरादहमा ट्राफिक प्रहरी पोष्ट भवनको उद्घाटन



**– सन्दर्भ समाचारदाता**

गौरादह । झापाको गौरादहमा जनसहभागितामा निर्मित ट्राफिक प्रहरी पोष्ट भवनको उद्घाटन गरिएको छ । नवनिर्मित भवनको आज एक कार्यक्रमका बीच प्रदेश १ का आन्तरिक मामिला तथा कानुन मन्त्री हिक्मत कार्की र नगर प्रमुख रोहित कुमार साहले संयुक्त रूपमा उद्घाटन गरे । भवन उद्घाटन तथा हस्तान्तरण कार्यक्रममा बोल्दै मन्त्री कार्कीले गौरादहको अस्थायी ट्राफिक पोष्टलाई स्थायी बनाई थप प्रहरीको दरबन्दी थपका लागी पहल गरिसकिएको बताए ।

भवनको उद्घाटनसंगै नवनिर्मित भवन जिल्ला ट्राफिक प्रहरी कार्यालय झापालाई हस्तान्तरण समेत गरिएको निर्माण समितिका अध्यक्ष गणेश श्रेष्ठले वताए । करिब ३ बर्ष अघि सो भवन निर्माण शुरु भएको थियो ।

भवन वनाउन अध्यक्ष श्रेष्ठका पिता रत्नबहादुर श्रेष्ठले ४९५ बर्ग मिटर क्षेत्रफल जग्गा निशुल्क उपलव्ध गराएका थिए । त्यस जग्गामा दातासहित प्रदेश सरकार र स्थानीय बासिन्दाहरुको सहयोगमा गणेश पाञ्चायन मन्दिर सहित ४ कोठे पक्की भवन निर्माण गरिएको गौरादहका ट्राफिक प्रहरी प्रमुख शंकर प्रसाद यादबले जानकारी दिए ।भवन निर्माणमा प्रदेश १ सरकारको रु ११ लाख , नगरपालिका तथा स्थानीयहरुको सहयोग गरि कुल रु ३४ लाख ११ हजार लागत रहेको जनाईएको छ ।

त्यस अवसरमा जग्गादाता श्रेष्ठसहित भवन निर्माणमा सहयोग गर्ने दाताहरुलाई समेत सम्मान गरिएको थियो ।

कार्यक्रममा गौरादह नगरपालिकाप्रमुख रोहित कुमार साह , नगर उप - प्रमुख गिता भेटवाल , प्रदेश न १ ट्राफिक प्रहरी प्रमुख सन्जिब शर्मा दास , जिल्ला ट्राफिक प्रहरी प्रमुख प्रकाश जबेगु , जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख कृष्ण कोइराला ,ईलाका प्रहरी कार्यालय गौरादहका प्रमुख नारायण कुँवर , गौरीगञ्ज गाउँपालिकाका प्रमुख बाबुराजा श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो ।

# फरार अभियुक्त पक्राउ गरी जेल चलान



**– सन्दर्भ समाचारदाता**

भद्रपुर । २०७७ मंसिर महिनामा जिल्ला अदालत झापाले बिभिन्न मुद्दामा कैद सजाय तथा जरिवाना ठहर गरेका फरार अभियक्तहरुलाइ, जिल्ला प्रहरी कार्यालयल झापाबाट खटिएका प्रहरीले पक्राउ गरी अदालतमा उपस्थित गराउँदा अदालतको फैसला बमोजिम कैद भुक्तानको लागी कारागार कार्यालय चन्द्रगढी चलान गरेको छ ।

यसरी पक्रउ गरी अदालत चलान गरिएकाहरुमा, प्रदिप राउत मेचीनगर(४, धाईजन ,अम्बर बहादुर राउत, बिजय कुमार राई र सुरज राइ भद्रपुर न.पा.२ बैंकिङ कसुर मुद्दा । प्रेम बहादुर मगर, बम बहादुर मगर, मुकेश मेच, बिश्वलाल मेचे, राजु मेचे र बाबुराम मेच हल्दीबारी ३ र ४ चोरी मुद्दा । हेम राज दाहाल र गोबिन्द दाहाल काठमाण्डौ म.न.पा.ठगी मुद्दा । प्रदिप कुमार माझी र फुदललाल माझी झापा गा.पा. १ दिलिप लिम्बु र मानबाहादुर लिम्बु, कुमार लिम्बु र शेर बहादुर लिम्बु जलथल वडा नं. ६, अबैध लकडी ओसारपसार मुद्दा । कालु भन्ने बिमस थापा, बिर बहादुर थापा बिर्तामोड न.पा. ५ टेक बहादुर नेम्बाङ र जबरमान नेम्बाङ दमक न.पा. ७, बिनोद भन्ने रुद्र बस्नेत, पुष्प बस्नेत दमक न.पा. ३, दिलबहादुर मगर, टिका बहादुर मगर, शिवसताक्षी न.पा. ११ लागूऔषध मुद्दा । सुमन खड्का, सन्त बहादुर खड्का शिवसताक्षी न.पा. ११, नारायण अधिकारी, कृष्ण अधिकारी सुनसरी ईटहरी उमनपा २०, पवन बि.क, चक्र बाहादुर बि.क कन्काई न.पा. ६. हेम बहादुर गुरुङ, तिलबा गुरुङ ईलाम न.पा. ४ सवारी ज्यान मुद्दा । राजकुमार कोच र निसावो कोच बिर्तामोड न.पा. २, बिर बहादुर लिम्बु र टंक बहादुर लिम्बु इलाम चुलाचुली गा.पा. ४ बहुबिवाह मुद्दा । प्रेम प्रसाद साँवा र लालध्वज सावा शिवसताक्षी न.पा. ८ सरकारी छाप दस्तखत किर्ते मुद्दा । बिकास भन्ने सन्तोष पाठक र टंक प्रसाद पाठक झापा गा.पा.६ साईकल चोरी मुद्दा । सुजन देवान र सुरेन्द्र देवान, कमल गा.पा. बैङ्किङ कसुर मुद्दा रहेका जिप्रका झापाले जनाएको छ ।

कसरी आफू र अरूलाई बचाउने ?
नियमित रूपमा साबुन पानीले हात धुने ।
खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।
कमल गाउँपालिकाको कार्यालय
क्लाम्पाबजार, झापा

कसरी आफू र अरूलाई बचाउने ?
नियमित रूपमा साबुन पानीले हात धुने ।
खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।
हल्दिबारी गाउँपालिकाको कार्यालय
हल्दिबारी, झापा

कसरी आफू र अरूलाई बचाउने ?
नियमित रूपमा साबुन पानीले हात धुने ।
खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।
गौरादह नगरपालिकाको कार्यालय
गौरादह, झापा

कसरी आफू र अरूलाई बचाउने ?
नियमित रूपमा साबुन पानीले हात धुने ।
खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।
कचनकवल गाउँपालिकाको कार्यालय
बनियानी, झापा

## चारआली केचना सडकको

# देउनीया खोला उत्तर दुर्घटना स्थल बन्दै

–सन्दर्भ समाचारदाता

भद्रपुर । हुलाकी सडक अर्न्तगत लिङ्क रोडका रूपमा रहेको चारआली–केचना सडक खण्डको देउनिया खोला उत्तरको निर्माण ठेकेदारको चरम लापरवाहीले सडक दुर्घटना बढाएको भन्दै स्थानीयले आक्रोस पोखेका छन् । निर्माण कार्यको गुणस्तरमाथि समेत प्रश्न उठेको सो सडक खण्डमा निर्माण सामग्री जताभावी थुपारेर वर्षौं वितिसक्दा पनि काम नगरेपछि पुल तथा कल्भर्ट क्षेत्र दुर्घटना स्थल बनेर यात्रुको ज्यान जोखिममा परेको भन्दै स्थानीयले आक्रोस पोखेका हुन् ।

यस क्षेत्रमा रात विहान हिड्ने यात्रुबाहक सवारी साधन जताभावी थुपारिएको गिटी बालुवाका कारण दुर्घटनामा परिरहेको स्थानीय बताउँछन् । ३ वर्ष भित्र निर्माण सम्पन्न गर्नु पर्ने सडक निर्माणको पाचौं वर्ष वित्न लाग्दा समेत अधकल्चो रहेको भए पनि नियामक मौन रहेको पाइएको छ ।

सडक निर्माणको जिम्मा लिएको निर्माण कम्पनीले गरेको कामको गुणस्तर अनुगमन गर्ने जिम्मेवारी पाएको हुलाकी सडक परियोजनाका प्राविधिक निर्माण स्थलमा नबस्दा गुणस्तरमाथि प्रश्न उठेको स्थानीय राकेश लिम्बुको भनाइ छ । निर्माण व्यवसायीले सम्झौता विपरित निर्माण सामग्री प्रयोग गरिरहे पनि सरकारी पक्ष



रमिते मात्र हुँदा निर्माण व्यवसायीको मनोमानी चलिरहेको स्थानीय बताउँछन् ।

निर्माण पक्षले नाली बनाउने, कल्वट बनाउने, वेश ग्राभेल भर्ने, ग्राभेलिङ गर्ने, आधार पिच तयार गर्ने र पिच निर्माण गर्ने गरी विभिन्न टुक्रामा काम गरिरहे पनि हुलाकी सडक परियोजनाका प्राविधिक निर्माण स्थलमा कमै जाने गरेका छन् । गुणस्तरमाथि निगरानी नहुँदा निर्माण पक्षधरका मजदुरकै तजविजमा काम भैरहेको देखिने गरेको छ । दुई खण्ड गरेर काम भइरहेको सडक निर्माण कम्पनीले निर्माण गरिरहेका नाली तथा कल्भर्टका काम गुणस्तरहिन भएको, ग्राभेलिङको काम पनि नियमविपरित रहेको, आधार कालोपत्रेको काम समेत गुणस्तरीय नभएको स्थानीयले बताएका छन् । निर्माण गुणस्तर तथा नियन्त्रण गर्ने हुलाकी सडक परियोजनाका इञ्जिनियरले कामको गुणस्तरियता र ढिलासुस्ती रोक्न सकिरहेको छैन ।

नेकपा भद्रपुर नगर अध्यक्ष शिवकुमार राजभण्डारी हुलाकी सडक परियोजना, जिल्ला प्रशासन कार्यालय झापा लगायत निकायमा साँघुरा ठाउँमा सडकमा जताभावी निर्माण सामग्री छोडेर पुल , कल्भर्ट जस्ता संवेदनशील क्षेत्रमा दुर्घटना जोखिम बढाउने निर्माण ठेकेदारलाई कारवाही गर्न माग गरिएको भए पनि कारवाही नभएको बताउँछन् ।

सो सडकको साविक पृथ्वी नगरको सोमवारे उत्तरको चारआलीसम्मको २० किलोमिटर सडक निर्माणका लागि याक्थुमम्बा/कञ्चनजंघा जेभीले ठेक्का लिएर काम गरिरहेका छन् । ठेकेदार कम्पनीका सञ्चालक राजनीतिक पहुँच बनाएरसरकारी पक्षसित नाता जोडेर निर्माणमा मनोमानी गरिरहेको समेत स्थानीयको आरोप छ ।

# लैङ्गिक हिंसाको नियन्त्रण र उपचार बिषयक सम्वाद



– सन्दर्भ समाचारदाता

भद्रपुर । झापाको बिर्तामोडमा शुक्रवार लैङ्गिक हिंसा र नियन्त्रणका उपाय, न्यायमा पीडितहरूको सहज पहुँच र कानुनी उपचार विषयक संवाद सम्पन्न भएको छ । जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइराला र अधिवक्ता खगेन्द्र खरेलले सहजीकरण गरेको संवादमा जिल्लाका ६० जनाको सहभागिता थियो । संवाद समूह झापाले संयोजन गरेको कार्यक्रममा प्रहरी उपरीक्षक कोइरालाले लैङ्गिक हिंसाका प्रकृति, जिल्लाको अवस्था र समाजका अगुवाले निर्वाह गर्नुपर्ने दायित्वबारे बताएका थिए । उनले हिंसापीडितलाई न्यायमा पहुँच पुर्याउन जतिसक्दो चाँडो प्रमाणसहित कानुनी उपचारको बाटो अवलम्बन गर्न सबैलाई सुझाए ।

अपाङ्गता भएका, हिंसापीडित, जनप्रतिनिधि, महिला अधिकारका क्षेत्रमा काम गर्ने संस्थाका अगुवाहरूको सहभागिता रहेको थियो । घटनालाई लुकाउँदा तथा बढाइ-चढाइ गर्दा पीडित झन् पीडित बन्ने र पीडकले उन्मुक्ति पाउने गरेको समेत बताइयो । सहभागीले विभिन्न हिंसाका घटना र कानुनी उपचारबारे सहजकर्तासँग हाकाहाकी सवाल-जवाफ गरेका थिए । सबै खाले हिंसा नियन्त्रणमा जनचेतना लगायतका माध्यमबाट सशक्त ढङ्गले अघि बढ्दै पीडितलाई न्यायका लागि पीडकलाई कानुनी कठघरामा उभ्याउन अग्रणी भूमिका निर्वाह गर्ने सहभागीले प्रतिबद्धता जनाए ।

पछिल्लो समय सामाजिक सञ्जाल तथा प्रविधिको दुरुपयोगका कारण लैङ्गिक हिंसा बढेकोले हिंसा न्यूनीकरणमा प्रविधिको सदुपयोगमा जोड दिइएको थियो ।

# लिम्वू समुदायले जनगणनामा धर्मको महलमा किरात लेख्ने



– सन्दर्भ समाचारदाता

भद्रपुर । किरात याक्थुङ चुम्लुङ झापाले २०७८ सालको राष्ट्रिय जनगणनामा धर्मको महलमा किरात लेख्न झापावासी लिम्वू समुदायमा अपिल गरेको छ ।चुम्लुङ झापाले आज एक अपिल सार्वजनिक गरि झापावासी लिम्वू समुदायले राष्ट्रिय जनगणनामा धर्मको महलमा किरात लेख्न अपिल गरेको हो ।

अपिल चुम्लुङका सल्लाहकार क्याप्टेन जगतध्वज वनेमले सार्वजनिक गरे । उनले जात र जातिको महल, पूर्खाको भाषा, मातृभाषाको महलमा लिम्बू , दोस्रो भाषाको महलमा नजिकको आदिवासी जनजातिको मातृभाषा र धर्ममा किरात धर्म लेख्न झापावासी लिम्वू समुदायमा अपिल गरे ।

'मेरो गणना, मेरो सहभागिता' भन्ने नाराका साथ आगामी २०७८ जेठ २५ गतेदेखि असार ८ गते राष्ट्रिय जनगणना हुन लागेको छ ।चुम्लुङ झापाका कार्यवाहक अध्यक्ष सेसेहाङ फियाकद्वारा हस्ताक्षरित अपिलमा समानुपातिक समावेशीताको व्यवस्थालाई अधिकारसम्मत तथा प्रभावकारी रुपमा कार्यान्वयन गर्न र गराउनका लागि जात र जातिको महलमा लिम्बू र धर्म किरात लेख्न तथा लेखाउन आग्रह गरिएको उल्लेख छ। त्यसैगरि चुम्लुङले राष्ट्रिय जनगणनामा सवै लिम्बु समुदायलाई सक्रिय सहभागि हुनका लागि लिम्बु समुदाय , लिम्बुजन्य संघ,संगठनसम्बद्ध समितिहरु, विषयगत संगठन, सम्बद्ध संगठन, प्रथाजनित र थरगत संगठन, लिम्बुजन्य सरोकारवाला संस्थाहरु लगायत सम्पूर्णमा आग्रह गरिएको अपिलमा उल्लेख छ ।

# रेलवे प्रभावित समन्वय तथा मुआव्जा समिति गठन

– सन्दर्भ समाचारदाता

झापा । रेलवे प्रभावितहरुको समस्यामा स्थानीयपालिका गम्भीर नभएको भन्दै प्रदेश नम्बर १ स्तरीय 'रेलवे प्रभावित समन्वय तथा मुआव्जा समिति' गठन गरिएको छ पालिकाहरुले चलन चल्तीको जग्गाको मूल्य रेल विभागलाई पठाउन ढिला सुस्ती गरेपछि प्रदेश नम्बर १ भरिका रेलवे प्रभावितहरुले खवरदारी गर्न समिति गठन गरेका हुन् ।

रेल विभागले पत्रचार गरी स्थानीय पालिका र वडा कार्यालयहरुलाई चलनचल्तीको जग्गाको मूल्य पठाउन एक महिना अघि नै भने पनि हालसम्म विभागलाई नपठाएको



भन्दै मोरङको लक्ष्मीमार्गमा सोमबार आयोजित भेलाले झापा विर्तामोडका डा.लक्ष्मीप्रसाद मैनालीको अध्यक्षतामा समिति गठन गरेका हो ।

नवगठित समितिको सहसंयोजकमा रमेश दाहाल (मोरङ्ग) शुशिल शाह (सुनसरी०) महासचिव रञ्जित प्रसाईं (झापा), सचिव माधवप्रसाद कोईराला (मोरङ्ग) र सहसचिवमा कृष्णदेव मेहेता (सुनसरी) रहेका छन् । यसैगरी, सदस्यहरुमा अर्जुन कार्की, विश्वराज न्यौपाने, खगेन्द्र प्रसाद खनाल, योगेन्द्र प्रसाद पौडेल, डिल्ली रमण खतिवडा, खगेश्वर उप्रती, दिलीप संग्रौला र लक्ष्मी मैनाली रहनु भएको छ । समितिको सदस्यहरुमा प्रदेश एक भरीका प्रभावित वडाहरुवाट एक एक जना समावेश गरीने सो भेलाले निर्णय गरेको छ । भेलामा झापा,मोरङ्ग र सुनसरीका प्रभावित पालिकाका अध्यक्ष तथा समिति सदस्यहरुको सहभागीता रहेको थियो ।

# झापामा कोरोनाबाट सर्वाधिक मृत्यु दमकमा

–सन्दर्भ समाचारदाता

दमक । झापाको दमकमा गत बैशाख १० गते पहिलोपटक एक जना पुरुषमा कोरोना संक्रमण देखिएको थियो । उनी नेपालको ४९ औं कोरोना संक्रमित सँगै झापाकै पहिलो संक्रमित थिए । विदेशबाट फर्किएका आफना छोरा घरमा आएपछि बुबामा संक्रमण पुष्टि भएको थियो । त्यसयता दमकमा निरन्तर कोरोना संक्रमण फैलिँदै गयो । पहिलो संक्रमण भेटिएको ठिक ६ महिना अर्थात गत असोज १० मा पहिलो पटक दमककी कोरोना संक्रमित एक महिलाको कोशी कोभिड अस्पताल विराटनगरमा मृत्यु भएको थियो ।

त्यसपछि ८ महिना वित्दा दमकमा कोरोना संक्रमित हुनेको संख्या १ हजार १४१ पुगेको छ । दमकका ६७९ पुरुष र ४६२ महिलामा कोरोना संक्रमण पुष्टि भईसकेको छ । ती मध्ये १ हजार ४८ जना कोरोना संक्रमणबाट मुक्त भएको नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ ।

दमकमा संक्रमित हुनेमा सर्वसाधारणदेखि नगरपालिकाका प्रमुख रोमनाथ ओलीसहित अधिकांश जनप्रतिनिधि, कर्मचारी, स्वास्थ्यकर्मीहरु रहे । संक्रमित हुनेमा दमकका १० वटामध्ये तीन जना वडाध्यक्ष रहेका छन् ।

स्वास्थ्य शाखाका कुबेर भट्टराईका अनुसार संक्रमित मध्ये हालसम्म ३५ जनाको मृत्यु भएको छ भने २३ महिला सहित ५८ जना हाल उपचाररत छन् । यो मृत्यु संख्या जिल्लाका १५ वटा पालिका मध्ये सवैभन्दा धेरै हो । नगर पालिकाले हाल कोरोना संक्रमणका शकास्पद विरामीको कोरोना परीक्षण निशुल्क गर्दै आएको छ ।

# नाका खुलाउन नागरिक स्तरको आन्दोलन



– सन्दर्भ समाचारदाता

भद्रपुर । नाका नखुल्दा सीमावर्ती क्षेत्रमा व्यवसायमा निर्भर स्थानीयवासीको अवस्था दयनीय रहेको हुँदा तत्काल सीमा खुलाएर नाका व्यवस्थित गराउनु पर्ने मेचीनगरबासीले माग गरेका छन् ।

होटल, यातायात र ट्राभल व्यवसायीहरुको पहलमा आज काँकरभिट्टामा भएको सर्वपक्षीय भेलाले नाका खुलाउन नागरिक स्तरको आन्दोलन गर्ने निर्णय गरेको छ । भेलाले होटल व्यवसायी संघ मेचीनगरका अध्यक्ष सुरेशकुमार श्रेठ (गोपाल)को अध्यक्षतामा 'मेचीनगर नागरिक खुला सीमा संघर्ष समिति' गठन गरेको छ । समितिमा मेचीनगरका अधिकांश व्यवसायी तथा सामाजिक गतिविधिमा संलग्न संघ संस्थाको प्रतिनिधित्व रहेको छ । समितिले आजै बैठक बसी नाका खुलाउन सरकारलाई दवाव दिन आन्दोलनका कार्यक्रम घोषणा गर्ने अध्यक्ष श्रेष्ठले बताए ।

व्यवसायीहरुले बुधवार काँकरभिट्टामा भएको शान्तिपूर्ण धर्ना कार्यक्रममा प्रहरीले गरेको हस्तक्षेपको भेलाले भर्त्सना गरेको छ । भेलामा सहभागी मेची उद्योग वाणिज्य संघकी उपाध्यक्ष बीना तामाङले धर्नामा बसेका महिलाहरुमाथि प्रहरीले हातपात गरेको जानकारी गराइन् । भेलाका वक्ताहरुले नागरिक आन्दोलन सभ्य, शान्तिपूर्ण र व्यवस्थित हुनुपर्नेमा जोड दिएका छन् । जनता समाजबादी पार्टी मेचीनगरका अध्यक्ष ओमप्रकाश खापुङले साझा व्यानर र लक्ष्यका साथ आन्दोलिनमा होमिन आह्वान गर्दै दलहरुको समर्थन रहने बताए । होटल व्यवसायी महासंघका केन्द्रीय सदस्य राजु अधिकारीले आन्दोलनलाई उच्छृङ्खल र भड्काउतर्फ जान नदिई शान्तिपूर्ण बनाउन सुझाव दिएका छन् । यसैगरी मेची चेम्बर अफ कमर्सका अध्यक्ष ललितकुमार बोहोराले व्यवसायीहरुको हकहितका लागि चेम्बर अग्रपङ्तिमा उभिएर आन्दोलनमा होमिन तयार रहेको बताए ।

भेलामा पूर्व मेची बस व्यवसायी प्रालिका अध्यक्ष विष्णुकुमार श्रेष्ठ, ट्राभल्स संघ झापाका अध्यक्ष नेत्र कार्की, ज्ञानेन्द्र घिमिरे, भुपाल ओली, रविन बस्नेत, केशव गिरी, केशव दाहाल, कृष्णप्रसाद बजगाईलगायतले नागरिक आन्दोलनमा ऐक्यवद्धता जनाएका थिए । भेला होटल व्यवसायी संघ मेचीनगरका अध्यक्ष श्रेष्ठको अध्यक्षतामा संघकै कार्यालयमा भएको थियो ।

# प्रमुख जिल्ला अधिकारीहरुको सरुवा



काठमाडौं । गृह मन्त्रालयले शुक्रबार १० जना प्रमुख जिल्ला अधिकारी(सिडिओको सरुवा गरेको छ । सहसचिवहरु ढुण्डीप्रसाद निरौला ललितपुरमा, केशवप्रसाद विमली महोत्तरीमा र बासुदेव दाहाल धनकुटामा सरुवा भएका छन् ।

यसैगरी उपसचिव अर्जुनकुमार शर्मा रामेछापमा, कृष्णप्रसाद भण्डारी भोजपुरमा, डोल्पामा माधवप्रसाद ढकाल, खोटाङमा मित्रलाल शर्मा, मुगुमा चन्द्रबहादुर सिवाकोटी, पाँचथरमा पुण्यप्रसाद ढकाल र तेह्रथुममा जयराज भण्डारीको सरुवा भएको छ ।

# हल्दिबारीमा बाल कक्षा बन्द



– सन्दर्भ समाचारदाता

भद्रपुर । कोरोना भाइरस संक्रमणको जोखिम यथावत रहेको हुँदा हल्दिबारी गाउँपालिकाले बालबालिकालाई विद्यालय नपठाउन आग्रह गरेको छ । गाउँपालिकाले सूचना जारी गर्दै बाल कक्षा एक देखि ५ सम्मका कक्षाहरूको प्रत्यक्ष शिक्षण नगराउन सबै सामुदायिक तथा संस्थागत विद्यालयलाई आग्रह गरेक हो । गाउँपालिकाभित्रका विद्यालयले बालबालिकालाई विद्यालय बोलाएर प्रत्यक्ष शिक्षण कक्षाहरू सञ्चालन गर्दै आइरहेको पाइएकोले यस्तो कार्य तुरुन्त बन्द गर्न सूचनामा उल्लेख गरिएको छ ।

# जिपी फाउण्डेशनको मिडिया संयोजकमा खनाल



– सन्दर्भ समाचारदाता

दमक । गिरिजाप्रसाद कोइराला (जिपी) फाउण्डेशनको प्रदेश नं १ मिडिया संयोजकमा रेवतीरमण खनाल नियुक्त भएका छन् । झापा,गौरादह निवासी खनाललाई फाउण्डेशनको प्रवर्द्धन, विकास र योगदानका लागि २ वर्ष कार्यकाल रहने गरी नियुक्त गरिएको हो ।

खनाललाई फाउण्डेशनकी अध्यक्ष सुजाता कोइरालाले मंसिर ३ गते नियुक्ति पत्र हस्तान्तरण गरेकी थिइन् । लामो समयदेखि काठमाडौंमा रहेर पत्रकारिता गरिआएका खनाल विगत केही समयदेखि भने झापामै रहेर पत्रकारिता गरिरहेका छन् । उनी न्यूनागरिक टिभी र रोजगार टाइम्स अनलाइन कन्यूज पोर्टलका प्रधान सम्पादक हुन् ।

# बुधबारे जेसिजमा नयाँ नेतृत्व चयन



– सन्दर्भ समाचारदाता

बुधबारे । बुधबारे जेसिजले बर्ष २०२१ का लागि नयाँ नेतृत्व पाएको छ । नवौं बार्षिक साधारणसभाको अवसर पारेर नयाँ नेतृत्व चयन भएको हो । २०२१ को कार्य समितिको अध्यक्षमा अनिल वाग्ले सर्वसम्मत चयन भएको आयुष निरौलाले जानकारी दिनुभयो ।

कार्यकारिणी उपाध्यक्षद्वय अर्जुन ढकाल र कृष्ण ढकाल चयन भएका छन् । त्यस्तै उपाध्यक्षमा अनिल घिमिरे, बिनोद रिजाल, रुद्र निरौला, पर्शुराम भट्टराई सर्वसम्मत चयन भएका छन् ।

बर्ष २०२० का अध्यक्ष नन्दकुमार याफु राईको अध्यक्षता, सस्थापक अध्यक्ष प्रकाश शिवाकोटीको विशेष आथित्यमा भएको साधारणसभामा नेपाल जेसिजका राष्टिय उपाध्यक्ष विशाल थापाको प्रमुख आतिथ्यता रहेको थियो ।

# नेपाल जेसीजको ४७ औं महाधिवेशनमा बस्नेत सम्मानित



– सन्दर्भ समाचारदाता

झापा । रुपन्देहीको भलवारीमा शुरु भएको नेपाल जेसीजको ४७ औं महाधिवेशनमा झापा बिर्तामोड निवासी विनोद वस्नेतलाई नेपाल जेसीजले सम्मान गरेको छ । कोभिड- १९ को जोखिमपूर्ण अवस्थामा अग्रपंक्तिमा रहेर उल्लेख्य काम गरेको तथा जेसीज अभियान र समाजसेवामा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै वस्नेतलाई सम्मान गरिएको हो । उद्धाटन समारोहमा प्रमुख अतिथि नेपाली कांग्रेसका महामन्त्री सशाङ्क कोइरालाले सम्मान पत्र प्रदान गरेका छन्

वस्नेत नेपाल जेसीजका पूर्व कार्यकारिणी उपाध्यक्ष , उपाध्यक्ष, कोषाध्यक्ष ,पूर्व कानूनी सल्लाहकार ,वीरता जेसीजका पूर्व अध्यक्ष, जेसीज पूर्व अध्यक्ष समाज झापाका अध्यक्ष, एकका लागि एक अभियानका सह संयोजक , झापा गोल्डकपका अध्यक्ष लगायत विभिन्न संघ संस्थामा आवद्ध रहेका छन । नेपाल जेसीजले प्रदान गरेको सम्मान बस्नेतको अनुपस्थितिमा वीरता जेसीजका अध्यक्ष मिजास पोखरेलले ग्रहण गरेका थिए ।

अधिबेशनमा देशभरका १ सय ५६ शाखाका प्रतितिधिहरु सहभागी रहेको महाधिवेसनले वर्ष २०२१ का लागि नयाँ नेतृत्व चयन गर्ने बताइएको छ ।

# चार शुत्रीय माग सहित ज्ञापन पत्र

– सन्दर्भ समाचारदाता

झापा । मोरङमा हत्या गरिएका शिक्षक राजेन्द्रकुमार श्रेष्ठको हत्यारा खोजी गरी अविलम्ब कारवाही हुनु पर्ने माग राख्दै एकीकृत अखिल नेपाल शिक्षक संगठन झापाले जिल्ला प्रशासन कार्यालय झापा मार्फत ४ शुत्रीय माग सहित ज्ञापन पत्र बुझाएको छ ।उत्तरी मोरङको मिक्लाजुङ १ को सरस्वती आधारभूत विद्यालयका प्रधान अध्यापक समेत रहेका श्रेष्ठको हत्यामा संलग्नलाई सरकारले कानुनी दायरामा नल्याएको भन्दै संगठनले जिल्ला प्रशासन मार्फत सरकारलाई ज्ञापन पत्र

बाँकी पृष्ठ ४ मा

# कांग्रेसले गर्‍यो बृहद जनप्रदर्शन



– सन्दर्भ समाचारदाता

विर्तामोड । नेपाली कांग्रेसका सहमहामन्त्री डा. प्रकाशशरण महतले वर्तमान सरकारका कारण नेपाल शक्ति राष्ट्रहरुको चलखेल गर्ने स्थलमा परिणत भएको आरोप लगाउनुभएको छ । नेपाली कांग्रेस झापाको आयोजनामा विर्तामोडमा सम्पन्न विरोधसभालाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै नेता महतले वर्तमान सरकारले गोप्य कोठामा कुटनीतिक नियोगका प्रमुखहरुसँग सत्ताको मोलमोलाई गरेको आरोप लगाउनुभएको हो ।

चीन र भारतका कुटनीतिक नियोगका प्रमुखहरुको सक्रियताले आ-आफ्नो प्रभाव बढाउन खोजेको बताउँदै उहाँले वर्तमान कम्युनिष्ट नेतृत्वको सरकारकै कारण राष्ट्रियता र देशको सार्वभौमसत्ता कमजोर भएको धारणा राख्नुभयो ।

'वर्तमान सरकार आम जनताको सरकार बन्न सकेन'- डा। महतले अगाडि भन्नुभयो-'किसानले मल पाएका छैनन्, जनता कोरोनाको मारमा छन् , उपचार गर्न सक्ने अवस्थामा छैनन्, तर सरकार केही नेताको स्वार्थपूर्तिमा केन्द्रित छ ।'

सरकारले विभिन्न गैरसरकारी संघसंस्थालाई अरबौं रकम बाडेको भन्दै उहाँले सरकारी रकम दुरुपयोग गरेर कार्यकर्ता नपोस्न सरकारलाई सचेत गराउनुभयो । उक्त रकम कोरोनाको उपचारका लागि खर्चन उहाँको सुझाव थियो ।

कांग्रेसले बारम्बार उठाएका भ्रष्टाचारका मुद्धा प्रधानमन्त्री केपी। ओलीले पेलेपछि माधवकुमार नेपाल र पुष्पकमल दाहाल प्रचण्डले लिखित रुपमै भ्रष्टाचारको पेटारो खोलेको बताउँदै डा। महतले भन्नुभयो-'स्वास्थ्य सामग्री खरिद, ओम्नी प्रकरण, बालुवाटार जग्गा प्रकरण, सुन काण्ड लगायत वर्तमान सरकारले गरेका दर्जनौं भ्रष्टाचारका काण्ड छन् । ती भ्रष्टाचारमा संलग्नको संरक्षण प्रधानमन्त्री आफैंले गरिरहनुभएको छ । यो भन्दा लज्जास्पद कुरा के हुन्छ ?'

कांग्रेसको नेतृत्व र अगुवाइविना कुनै प्रणाली नेपालमा स्थापित हुनै नसक्ने चुनौती दिदै नेता महतले वर्तमान सरकारलाई लोकतान्त्रिक विधि, प्रक्रिया र पद्धतिको पूर्ण पालना गर्न सचेत गराउनुभयो ।

'संविधान सम्झौताको दस्तावेज हो, यसमा कतिपय विरोधाभाषपूर्ण कुराहरु छन्'-नेता महतले भन्नुभयो । यसलाई सच्याउने नाममा संविधानमाथि धावा नवोल्न सरोकारवालालाई सचेत गराउनुभयो ।

कम्युनिष्टको कुरा विकेको तर कांग्रेसले प्रचार-प्रसार गर्न नसक्दा काम नविकेको चर्चा गर्दै उहाँले कम्युनिष्ट नेतृत्वको सरकारलाई निर्वाचनअघि जनतालाई दिएको आश्वासन पूरा गरेर देखाउन चुनौति दिनुभयो ।

नेपाली कांग्रेस केन्द्रीय सदस्य केशवकुमार बुढाथोकीले जनप्रतिनिधिले बनाएको संविधानलाई कागजको खोस्टो बनाउने प्रयत्न नगर्न वर्तमान सरकारलाई चुनौति दिदै सरकारले जनहितमा सत्ता चलाउन नसक्दा ब्यवस्था विरोधीहरु सल्बलाएको धारणा राख्नुभयो । आफ्नो परिवार नै चलाउन नसकेका राजाले देश बचाउनै नसक्ने उहाँको भनाई थियो ।

कांग्रेस केन्द्रीय सदस्य सरिता प्रसाईले कम्युनिष्ट नेतृत्वको वर्तमान सरकारले जनमतको अपमान गरेको बताउँदै सिङ्गो देशलाई नै दुई कम्युनिष्ट नेताको रणमैदान बनाएको टिप्पणी गर्नुभयो ।

देश र जनताका सवालमा एकशब्द नबोल्ने राष्ट्रपतिले नेकपाका दुई अध्यक्षबीचको झगडामा मध्यस्थता गरेर पदीय दुरुपयोग गरेको बताउँदै पदीय मर्यादामा बस्न र राष्ट्रपति पदको गरिमा कायम राख्न सुझाव दिनुभयो ।

'वर्तमान सरकारले कुनै नयाँ काम गरेको छैन । कांग्रेस नेतृत्वकै सरकारले प्रस्ताव गरेको मध्य पहाडी लोकमार्गलाई मदन भण्डारी मार्ग भनिएको छ, दमकको आदिबासी रङ्गशालालाई मदन भण्डारी रङ्गशाला नामकरण गरिएको छ'-प्रसाईले भन्नुभयो-' कुनै नयाँ काम गरेर आफ्ना नेताको नाम जोड्नुस्, हामी त्यसको सम्मान गर्छौं ।' वर्तमान सरकारले कुनै नयाँ योजना नल्याएको आरोप लगाउँदै उहाँले रेलमार्ग बनाउने नाममा काम नै शुरु नगरी अरबौं भ्रष्टाचार गरेको टिप्पणी गर्नुभयो ।

कार्यक्रममा नेपाली कांग्रेसका आमन्त्रित केन्द्रीय सदस्यद्वय भारतेन्दुकुमार मल्लिक र दिलिप राईले प्रधानमन्त्री आफैं डाक्टर, आफैं न्यायधिस बनेको बताउँदै भ्रष्टाचारीको संरक्षण नगर्न सुझाव दिनुभयो ।

सरकारका मन्त्रीहरुले गरेको अरवौं भ्रष्टाचार नदेख्ने अख्तियारलाई दुईतीनहजार घुस खाने कर्मचारी पक्रिएर बहादुरी प्रस्तुत नगर्न नेताद्वयको सुझाव छ ।

नेपाली कांग्रेस झापाका सभापति उद्वव थापा सभापतिको आशनबाट बोल्दै नेपाली कांग्रेसले बहुलवादमा आधारित संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा, सरकारको सर्वसत्तावादी चरित्र, कोरोना परिक्षण सामग्री खरिदमा भएको भ्रष्टाचार र अनियमितताको विरोध तथा अविलम्ब संसद बैठक बोलाउन मागसहित सडकमा उत्रिएको बताउनुभयो ।

उपसभापति राम कट्टेलले स्वागत गर्नुभएको विरोधसभाको सञ्चालन सचिवद्वय ताराविर कटुवाल र प्रेम सम्बाहाम्फेले सञ्चालन गर्नुभएको थियो ।

नेपाली कांग्रेसका बरिष्ठ नेता रामचन्द्र पौडेलमाथि तनहुमा दुर्ब्यवहार गरिएपछि नेपाली कांग्रेस सडक प्रदर्शनको निर्णयमा पुगेको थियो । एकैदिन र एकैसमय पारेर गरिएको देशब्यापी विरोध प्रदर्शन अन्तरगत प्रधानमन्त्री केपी शर्मा ओलीको गृहजिल्ला झापामा कांग्रेसले मानवसागर उतारेको हो । पाँचवटै निर्वाचन क्षेत्र, १५ वटै स्थानीय तहका १३१ वटै वडाका क्रियाशिल कांग्रेस कार्यकर्ताहरुको सहभागिता रहेको विरोध प्रदर्शनमा मानव सागर उर्लिएको थियो ।



विहानैदेखि विरोध प्रदर्शनको तयारीमा देखिएका कांग्रेस कार्यकर्ताले १२ बजे सुरुङ्गाबाट शुरु गरेको र्‍याली २ बजे विर्तामोडमा आइपुगेर कोणसभामा परिणत भएको थियो ।

र्‍यालीमा सहभागीले विर शहीद अमर रहुन्, नेपाली कांग्रेस जिन्दावाद, संघीय लोकतान्त्रिक गणतन्त्र जिन्दावाद, संविधानविरोधी तत्व होसियार, शान्ति सुशासन कायम गरः भ्रष्टाचार अनियमितता बन्द गर, विधिको शासन पालना गर : संसद बैठक आह्वान गर, कोरोना महामारी नियन्त्रण गर : भ्रष्टाचारको छानवीन गर, किसानमारा सरकार चाहिदैन : जनता ठग्न पाइदैन, जनता कोरोनाको मारमा : नेकपा सत्ताको जितहारमा लगायतका नारा लगाएका थिए ।

# क्षितिज नाट्य समूह झापाको अगुवाईमा संग्रहालय निर्माण

– सन्दर्भ समाचारदाता

झापा । शिक्षा विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखेलले क्षितिज नाट्य समूह झापाको अगुवाईमा निर्माणाधिन बहुभाषी, बहुजाति, बहुसांस्कृतिक संग्रहालयसहितको झापा नाटक घरलाई पूर्णता दिन सहयोग गर्ने प्रतिवद्धता जनाएका छन् । झापाको बिर्तामोड-१ देवी पञ्चकन्या उत्तरमा निर्माण भइरहेको बहुभाषी, बहुजाति, बहुसांस्कृतिक संग्रहालयसहितको झापा नाटक घरको अनुगमन तथा निरिक्षण गर्दै उनले यस्तो प्रतिवद्धता जनाएका हुन् ।

युरोपतिर सभ्यताको परिभाषा नै त्यस देशका वासिन्दा कति पटक नाटक हेर्न जान्छन् भन्ने कुराले निर्धारण गर्ने भएकाले नेपालमा पनि सभ्यताको सूचक नाटकलाई बनाउनु पर्नेमा उनले जोड दिए । आफू भ्याएसम्म नाटक हेर्न जाने गरेको वताउँदै उनले नाटकले समाजका विकृति विसंगतिको भण्डाफोर गर्ने बताए । काठमाडौं विश्वविद्यालयलाई आग्रह गरेर नाटक पढाउने ,संगीत पढाउने पाठ्यसामाग्री बनाउन लगाएको बताउँदै उनले क्षितिज नाट्य समूहलाई पनि पाठ्यक्रम विकाससंग जोडिन आग्रह गरे । सातवटै प्रदेशमा सातवटा संगीत र नाट्य बिधाको एकेडेमी बनाएर त्यहाँको ऐतिहासिक , भाषा ,साहित्य , संस्कृतिको संरक्षण र सम्वर्द्धन गरिने उनले बताए । क्षितिज नाट्य समूह झापाको अगुवाईमा निर्माण भइरहेको बहुभाषी, बहुजाति, बहुसांस्कृतिक संग्रहालयसहितको झापा नाटक घरका लागि आफू काठमाडौं गएर संस्कृति तथा पर्यटनमन्त्री योगेश भट्टराईसंग कुरा गरेर यसलाई पूर्णता दिने उनले



प्रतिवद्धता जनाए । साहित्यको विकासका लागी क्षितिज नाट्य समूह झापाले खेलेको भूमिकाको प्रसंशा गर्दै उनले बहुभाषी, बहुजाति, बहुसांस्कृतिक संग्रहालयसहितको झापा नाटक घरको निर्माण पूरा गरेपछि आफू चाँडै नाटक हेर्न आउने प्रतिवद्धता जनाए ।

त्यस्तै प्रदेश साँसद झलकसिंह दर्लामी सन्देशले बहुभाषी, बहुजाति, बहुसांस्कृतिक संग्रहालयसहितको झापा नाटक घर प्रदेश नं. १ कै ऐतिहासिक धरोहरका रुपमा निर्माण भइरहेकाले यसलाई पूर्णता दिन आफू लागीपर्ने बताए ।

झापा नाटक घर निर्माण व्यवस्थापन समितिका संयोजक ज्ञानुराम प्रसाईले झापा नाटक घर निर्माणको उद्धेश्य , लक्ष्य र भावी योजनाबारे प्रकाश पारेका थिए । क्षितिज नाट्य समुहका केन्द्रीय अध्यक्ष तथा झापा नाटक घर निर्माण व्यवस्थापन समितिका सचिव माधब कल्पितले मन्त्री तथा साँसद दर्लामी ह?लाई झापा नाटक घर निर्माणमा भइरहेको प्रगतिवारे जानकारी गराएका थिए ।

बिर्तामोड-१ का मनोज निरौलाले निःशुल्क प्रदान गरेको साढे तीन कठ्ठा जग्गा र निरौलाकै छ कठ्ठा जग्गा १० वर्ष लिजमा लिएर दुई करोड ५० लाख रुपैयाँको लागतमा २०७६ साल असार ११ गते बहुजाति, बहुभाषि, बहुसांस्कृतिक संग्रहालयसहितको झापा नाटक घरको निर्माण शु? गरेको र हालसम्म झापा नाटक घरको निर्माणको ५० प्रतिशत कार्य सकिएको उनले बताए ।

उनले झापा नाटक घर निर्माण गर्न आर्थिक वर्ष २०७७ /०७८ का लागि जग्गादाता मनोज निरौलाको अध्यक्षतामा ११ सदस्यीय झापा नाटक घर निर्माण उपभोक्ता समिति र नचानु विष्णु श्रीजङ्गा टोल विकास संस्थाका अध्यक्ष भोजकुमार मास्केको अध्यक्षतामा तीन सदस्यीय झापा नाटक घर निर्माण अनुगमन समिति गठन गरिएको बताए ।

उनले झापा नाटक घरको निमार्ण सकेर बहुजाति, बहुभाषि, बहुसांस्कृतिक संग्रहालयको निर्माण शु? गरिने बताउँदै बहुजाति, बहुभाषि, बहुसांस्कृतिक संग्रहालयको लागि बहुवर्षे गु?योजनामा निर्माण हुनेगरी डीपीआर तयार गर्ने कार्य भइरहेको उनले वताए ।

अनुगमनमा बिर्तामोड नगरपालिकाकी उपमेयर पबित्रा महतारा प्रसाईं, बिर्तामोड -१ का वडाध्यक्ष अग्निप्रसाद पाण्डे, सामाजिक व्यक्तित्व ज्योतीसिंह दर्लामी, झापा नाटक घर निर्माण उपभोक्ता समितिका वरिष्ठ उपाध्यक्ष हरिप्रसाद भण्डारीलगायतको सहभागिता रहेको थियो ।

कार्यक्रमको सहजीकरण झापा नाटक घर निर्माण व्यवस्थापन समितिका सचिव माधब कल्पितले गरेका थिए ।

# झापामा क्रिकेट खेलाडी छनोट प्रतियोगिता सुरु



– सन्दर्भ समाचारदाता

भद्रपुर । प्रधानमन्त्री कप राष्ट्रिय पुरुष तथा महिला एकदिवसिय क्रिकेट प्रतियोगिताका लागि झापामा शुक्रवारदेखि प्रदेशस्तरीय खेलाडी छनोट प्रतियोगिता सुरु भएको छ । प्रतियोगितामा प्रदेश नम्बर १ का १४ वटा जिल्लामध्ये झापा, इलाम, मोरङ, सुनसरी र उदयपुर गरी पाँच वटाले भाग लिएका छन् । पाँच वटा जिल्लाबाट महिला र पुरुष गरी १० वटा टिम रहेका छन् । सोही टिमहरूबाट महिला र पुरुष खेलाडी छनोट गरी प्रदेश नम्बर १ स्तरीय टिम गठन गरिने झापा जिल्ला क्रिकेट सङ्घका अध्यक्ष प्रवीण थापाले जानकारी दिए । छनौट प्रतियोगिता भद्रपुरको मेची रङ्गशाला, कनकाईको सुरुङ्गा र मेचीनगरको काँकडभिट्टामा एकैसाथ सञ्चालन भइरहेको छ ।

मेची रङ्गशाला भद्रपुरमा शुक्रवार एक कार्यक्रमकाबीच प्रादेशिक क्रिकेट छनौट प्रतियोगिताको उद्घाटन गरिएको छ । प्रदेश क्रिकेट सङ्घ, प्रदेश १ का अध्यक्ष मिङमा डन्डु शेर्पाको अध्यक्षता तथा भद्रपुर नगरपालिकाको मेयर जीवनकुमार श्रेष्ठको प्रमुख आतिथ्यमा प्रतियोगिताको उद्घाटन गरिएको हो । भद्रपुरका मेयर श्रेष्ठले बलिङ र झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाले ब्याटिङ गरी प्रतियोगिताको उद्घाटन गरेका थिए ।

यता नेपाली क्रिकेट टिमका प्रशिक्षक अस्ट्रेलियन क्रिकेटर देव वाटमोर नियुक्त भएका छन् । नेपाल क्रिकेट संघ -क्यान) संघको आज बसेको बैठकले जनवरी २०२१ बाट लागु हुने गरी वाटमोरलाई नेपाली टिमको प्रशिक्षक नियुक्त गरेको हो । उनको प्रशिक्षणमा श्रीलंकाले सन् १९९६ मा क्रिकेट विश्वकपको उपाधि जितेको थियो । त्यसबेला भारत र पाकिस्तानमा आयोजित विश्वकपको फाइनलमा श्रीलंकाले अस्ट्रेलियालाई पराजित गरेको थियो ।



–देव वाटमोर

**चार...**

पठाएको हो । संगठनका झापा जिल्ला अध्यक्ष कपिलदेव तिम्सिनाको नेतृत्वमा गएको शिक्षकको टोलीले झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिम्सिनालाई ज्ञापन पत्र बुझाएको थियो । ज्ञापन पत्रमा शिक्षक श्रेष्ठका हत्यारालाई अविलम्ब कानुनी दायरामा ल्याइनु पर्ने, सहिद घोषणा गरिनु पर्ने, परिवारको भरण पोषणका लागि राज्य गम्भीर बन्नु पर्ने लगायत माग समेटेर सरकारलाई ज्ञापनपत्र बुझाइएको हो ।

**टापु...**

यामको समयमा भोक भोकै बस्नु पर्ने बाध्यता रहेको शिक्षक राईको भनाइ छ ।

यता, निर्माण भएको परियोजना हालसम्म नगरपालिकालाई हस्तान्तरण नभइसकेको भद्रपुर नगरपालिकाका मेयर जीवनकुमार श्रेष्ठले बताए । झोलुङ्गे पुल बनेपछि त्यस ठाउँको विकासले गति लिइरहेको बताउँदै मेयर श्रेष्ठले भने, 'पुलमा फोटो खिचाउनेको भिडभाड बढेकोले आन्तरिक पर्यटनको गन्तव्यस्थल बन्न पुग्यो, अब यस क्षेत्रलाई कसरी अघि बढाउन सकिन्छ स्थानीय सरकार गम्भीर छ ।'

नदीमा पुल नभएका कारण एउटै नगरपालिकाका जनता पनि अर्की देशका जनता भइरहेको अवस्थामा सरकारबाट निर्मित झोलुङ्गे पुलले मेचीपारिका जनतालाई जोडने काम गरेको जिल्ला समन्वय समिति झापाका अध्यक्ष सोमनाथ पोर्तेलले बताए । पुल निर्माणपश्चात् यस क्षेत्रका स्थानीयको आर्थिक गतिविधि फस्टाउनुका साथै पर्यटकीय गन्तव्य बनेकोले जाने आउने सडक स्तरीकरण गर्न नगरपालिकासँग आवश्यक पहल भइरहेको उनले बताए ।

मेची नदीमा बनेको झोलुङ्गे पुल सञ्चालनमा आएपछि अहिले त्यहाँ आन्तरिक पर्यटकको चहलपहल ह्वातै बढेको छ । अन्तर्राष्ट्रिय सीमासँग जोडिएको मेची नदीमा पहिलो पटक झोलुङ्गे पुल बनेकाले त्यहाँ टिकटक भिडियो, फोटो खिचाउने र पिकनिक खान जानेको भीड बढेको हो । पर्यटकको चहलपहल बढेसँगै पुल वारिपारि अहिले बजार नै लाग्न थालेको छ । कुनै समय थियो, त्यहाँ पिउने चिया भेटिँदैन थियो । तर, अहिले झोलुङ्गे पुल वारिपारि दैनिक एउटा सानो बजार जस्तै लाग्ने गरेको छ ।

मेचीवारि भचक बस्तीका भरत राजवंशीको जग्गामा हाल स्थानीयले अस्थायी टहरा निर्माण गरेर होटेल, खाद्य सामग्री, माछा मासु पसल ,फास्ट फुड लगायतका सेवा सञ्चालन गर्दै आइरहेका छन् । पुल सञ्चालनमा आएपछि यहाँका जनताले राहत महसुस गरेको टहरामा भेटिएका स्थानीय पिन्टु राजवंशीले बताए । पुल हेर्न, फोटो खिचाउने र टहरामा आएर खाजा खान दैनिक सय जना भन्दा बढी मानिस आउने गरेको भरत राजवंशीको भनाई छ । भदौ महिनाबाट टहरा निर्माण गरी अहिले यहाँ केही होटेल नै सञ्चालनमा आइसकेको छ ।

बिदाका दिन पुल हेर्न आउने मानिसहरूको भिड नै लाग्ने गरेको स्थानीय पुष्पा राजवंशीले बताइन् । पहिला यहाँ पनि गाउँ छ भनेर अधिकांशलाई थाहा थिएन, उनले भनिन् 'पुल हेर्न आएकाहरू अहिले मेचीपारि गाउँ पनि रहेछ भनेर थाहा पाउन थाले ।' स्थानीय सरकारले यो गाउँको उन्नतिकालागि ल्याइएको मेचीपारि तरकारी बारीलाई मुख्य पेसा बनाउन जरुरी रहेको निलम राईले बताइन् । यहाँका जनताको मुख्य पेसा नै खेती किसान भएकोले सस्तोमा तरकारी खान पाइन्छ । मेचीपारिका जनताले उत्पादन गरेका तरकारीलाई यही क्षेत्रमा सब्जी बजार लगाएर नमुना गाउँ बनाउन स्थानीय सरकारले योजना बनाउनु पर्ने स्थानीयको माग रहेको छ । हाल पुलनजिकै निर्माण भइरहेको पसल तथा टहरामा बिजुली बत्ती सञ्चालनमा ल्याइएको र खानेपानी तथा शौचालयको बनाउने प्रक्रिया अघि बढाइसकेको भद्रपुर(३ की वडा अध्यक्ष कमला थुलुङले बताइन् ।

**नेकपा.....**

माओवादी 'जनयुद्ध' स्थागित गरेर प्रचण्डहरु शान्ति प्रक्रियामा आएका हुन् । त्यसपछि माओवादी लडाकूहरुलाई देशका विभिन्न ठाउँमा शिविर बनाएर राखिएको थियो । तिनै शिविरमा भएको घोटालाले प्रचण्डको पिछा नछाडेको देखिन्छ ।

नेपालको इतिहासमा सर्वाधिक ठूलो र खुलेआम गरिएको घोटाला यसैलाई मानिन्छ । यो घोटालाको छानविन अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अहिले पनि पूरा गर्न सकिरहेको छैन । आयोगले ०७४ भदौमा एक पत्रकार सम्मेलन गरी शिविर घोटाला काण्डको अनुसन्धान अगाडि बढाएको घोषणा गरेको थियो । तर, प्रचण्डको प्रभाव र दवाबमा आयोगले त्यो अनुसन्धानलाई निष्कर्षमा पुर्‍याएर मुद्दा दर्ता गर्न आयोग किन हिच्किचाईरहेको छ भनेर सार्वजनिक रुपमै प्रश्न उठ्ने गरेको छ ।

माओवादीले शान्ति प्रकृयामा आउँदा आफूसँग ३२ हजार दुई सय ५० लडाकू छन् भनेको थियो । ती लडाकूको प्रमाणिकरण राष्ट्रसंघीय मिशन अनमिनले गरेको थियो । अनमिनको प्रमाणिकारणमा १९ हजार पाँच सय मात्र लडाकू प्रमाणित भएका थिए । अर्को चरणमा १७ हजार ७४ लडाकू मात्र प्रमाणित भएका थिए । ती लडाकूलाई ०६३ मंसिरदेखि ०६५ भदौसम्म मासिक तीन हजार रुपैयाँ भत्ता दिइएको थियो । ०६५ असोजबाट बढाएर मासिक पाँच हजार रुपैयाँ दिइयो । ०६८ साउनदेखि साढे ६ हजार बनाइयो । त्यसबेला प्रचण्ड र डा. बाबुराम भट्टराईहरु लडाकूको तलब बढाउन दवाब दिइरहेका हुन्थे । त्यसमा उनीहरु सफल पनि भएका थिए । त्यो तलबमा प्रचण्ड र बाबुरामहरुले दुई तरिकाले घोटाला गर्ने गरेको अनुसन्धानमा देखिएको जानकार एक सूत्रले बताएको छ । पहिलो तरिका हो- हुँदै नभएका लडाकूको नाममा तलब थाप्ने । कागजमा विभिन्न नक्कली नाम हाल्ने, ती नामलाई तलब दिएको भनेर फर्जी कागजात खडा गरिएको देखिएका छ ।

'साँढे १९ हजार मध्ये आधा लडाकू नक्कली थिए । अर्थात्, उनीहरुको नाम कागजमा मात्र थियो'- जानकारहरु भन्छन् । ६ वर्षसम्म निरन्तर तलब भत्ताका नाममा लुट मच्चाईएको दावी गरिन्छ । यसबाहेक पनि शिविर व्यवस्थापन, राशन, शिविरमा भौतिक निर्माण लगायतका शीर्षकमा अर्बौं रुपैयाँ सरकारबाट असुलिएको थियो ।

संवैधानिक परिषद्ले अख्तियार सहित सबै संवैधानिक नियुक्तिमा पदाधिकारी नियुक्तिका लागि सिफारिस गर्छ । अख्तियारमा आफ्नो 'यस म्यान' लाई नियुक्त गर्ने र आफ्ना विरुध्दका भ्रष्टाचारका फायल दबाएरै राख्ने नियत देखिन्छ ।

'संवैधानिक परिषद्ले आफ्ना विश्वासपात्र बाहेक अरुलाई अख्तियारमा पठायो भने शिविर घोटालाको फायल खुल्ने डर प्रचण्डलाई छ । जसरी हुन्छ त्यो फायल खुल्न नदिने अथवा सदाका लागि बन्द गर्ने उद्देश्यले प्रचण्डका हरेक राजनीतिक कदम चलिरहेको देखिन्छ ।' नेकपाका पूर्व एमाले पक्षका एक नेता भन्छन् ।

सत्तारुढ नेकपाका नेताहरुको आपसी झगडाले पनि त्यो फायल थन्किएर बसेको छ, आपसी मिलेमतोमा पनि थन्किएरै बसेको थियो । अब त्यो फायल कहिले खुल्छ ? कसैलाई थाहा छैन । तर, त्यो फायलका कारण राजनीतिक प्रदूषण भने बढेको बढ्यै छ ।




